# अध्याय : एक

# शोधको परिचय

## १.१. अध्ययनको पृष्ठभुमि :-

शैलीविज्ञान साहित्यिक समालोचनाको नवीनतम प्रकार हो (शर्मा, २०४८: १) । शैलीविज्ञानको जन्म आधुनिक भाषाविज्ञानको जन्म भए पश्चात भएको पाइन्छ । शैली भन्नाले तौरतरिका वा ढाँचा भन्ने बुझिन्छ भने विज्ञान भन्नाले वैज्ञानिक तरिककाबाट आर्जन गरिने विशेष प्रकारको ज्ञान भन्ने बुझिन्छ । तशर्थ शैली र विज्ञान तत्सम शब्दको मेलबाट शैलीविज्ञान हुदैं समास प्रक्रियाबाट बनेको शब्द हो । शैलीविज्ञान भाषाविज्ञानको नवीनतम शाखा हो (शर्मा, २०५५:८०९) । अङ्ग्रेजीको Stylistics शब्दको नेपाली रूपान्तरण हो शैलीविज्ञान । संस्कृतको 'शी' धातुमा 'लक्' प्रत्यय लागेर शील शब्दको व्युत्पादन भएको र यही शील शब्दमा 'ई' प्रत्यय जोडिई शैली शब्दको निर्माण भएको हो ( शर्मा, २०४८:३) । शाब्दिक अर्थमा शैलीविज्ञान भन्नाले शैलीको वैज्ञानिक अध्ययन गर्ने विज्ञान वा शास्त्र शैलीविज्ञान हो । भाषवैज्ञानिककै एक शाखाका रूपमा रहेको यो सिद्धान्त साहित्यिक विधा अध्ययनको प्रविधिका रुपममा पनि विकसित भएको हो । आधुनिक युगमा भाषाविज्ञानको साहित्यिक भाषा वा काव्य भाषाको समेत अध्ययन गर्न थालेदेखि लिएर शैलीविज्ञानको प्रारम्भ भएको मानिन्छ ( शर्मा, २०४८:४) । उन्नाइसौ शताब्दीको प्रारम्भमा सर्वप्रथम जर्मनीमा Stylistick शब्दको प्रयोग भएको देखिन्छ (शर्मा, २०४८:४) । फ्रान्सेली भाषामा चाहिँ १८७२ मा Stylistique शब्दको प्रयोग भएको मानिन्छ । अङ्ग्रेजीमा चाहिँ Stylistics शब्दको सर्वप्रथम प्रयोग १८८२ मा भएको देखिन्छ ( शर्मा, २०४८:४) । शैलीविज्ञान अवश्य नै आधुनिक युगमा विकसित नयाँ विज्ञान हो तर पूर्व र पश्चिम दुवैतिर यसको पुरानै परम्परा देख्न पाइन्छ (शर्मा, २०४८:४) । पूर्वमा भारत, भामह, दण्डी, आनन्दवर्धन, क्षेमेन्द्र, कुन्तक आदिका साहित्यशास्त्रीय चिन्तनमा भाषा पक्षको पनि प्रशस्त विवेचना पाइन्छ भने पश्चिममा ग्रिसेली विद्धान प्लेटो, अरस्तु आदि रोमन विद्धान सिसेरो आदि र अन्यले पनि शैली विषयक विवेचना गरेको पाइन्छ (शर्मा, २०४८:४) ।

आधुनिक युगमा शैलीवैज्ञानिकको प्रारम्भ गर्ने श्रेय प्रसिद्ध भाषावैज्ञानिक फर्डिनान्डी सस्युरलाई छ । वर्णनात्मक भाषाविज्ञानका प्रथम प्रर्वतक सस्युर र उनका चेला चार्ल्स बालीका कार्यबाट वर्तमान युगमा शैलीविज्ञानको सुरूवात भएको हो (शर्मा, २०४८:४) । शैलीविज्ञानले साहित्यिक कृति वा

सङ्कथनको भाषिक आधारबाट विश्लेषण गर्दछ । शैलीविज्ञानले मौखिक वा लिखित साहित्यिक सङ्कथनका विशिष्ट शैलीको आफ्ना प्रकृति अनुसार भाषावैज्ञानिक अध्ययन गर्दछ । चार्ल्स बालीका विचारमा शैलीविज्ञानले भाषाप्रयोगका विविधताको अध्ययन गर्दछ जुन परिस्थितिमा आधारित हुन्छ ( शर्मा, २०५८:८१७) । शैलीविज्ञानले साहित्यिक कृति वा सङ्कथनको भाषिक आधारबाट विश्लेषण गर्दछ । शैलीविज्ञानले साहित्यिक कृतिको अध्ययन विश्लेषण गर्छ र अन्तरनिहित सौन्दर्यको उद्घघाटन गर्छ ( शर्मा, २०४८:३१) ।

**'समर लभ'** उपन्यासकार सुबिन भट्टराईद्वारा लेखिएको एउटा सर्वोत्कृष्ट सिर्जना हो । यसमा जम्मा चौबिस (२४) ओटा भागहरू समावेश गरिएका छन् । उनको पहिलो कृति 'कथाकी पात्र' २०६७ सालमा फाइनप्रिन्टबाट प्रकाशन भएको हो । उपन्यासका अन्य प्रकाशित कृतिहरूमा चारवटा सङग्रह 'समर लभ' (२०५९), 'साया' (२०७१), 'मनसुन' र 'प्रिय सुफी' रहेको छन् । 'समर लभ' उपन्यासमा यसका प्रमुख पात्र साया शाक्य र अतित शर्माले हाम्रो समाजमा रहेको सामाजिक कुरिति जातीय विभेदका कारण प्रेम सम्बन्ध सफल बनाउन नसकेको मार्मिक अवस्थाको चित्रण गरिएको छ । हाम्रो देशको शिक्षा व्यवस्था फितलो भएको कारणले बाध्य भएर विदेशीनु परेको विषयवस्तुलाई यहाँ समेटिएको छ । आफ्नो प्रेम सफल बानाउनका लागि गरिएको विभिन्न प्रयासलाई रोचक शैलीमा प्रस्तुत गरिएको छ ।

### १.२. समस्याकथन

सुबिन भट्टराईद्वारा लेखिएको 'कथाकी पात्र' पछिको 'समर लभ' नेपाली साहित्यमा भर्खरै प्रकाशित उपन्यास हो । कुनैपनि उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्दा सामान्यतया उपन्यासको क्रमिक विकास भएनभएको भनेर अध्ययन गरिन्छ । यसका लागि विशेषगरी फ्रेटागको पिरामिड अनुसार अध्ययन गर्ने सिद्धान्त स्थापित भएको छ । प्रस्तुत अध्ययनमा फ्रेटागको सिद्धान्त अनुसार कथानकको अध्ययन गरिनेछ ।

यसैगरी कथानक भित्र विभिन्न किसिमका चरित्रहरु हुन्छन् । शैलीविज्ञानले त्यस्ता चरित्रहरुको अध्ययन गर्ने विभिन्न आधारहरु पनि स्थापना गरेको छ । ती आधारहरुसँग 'समर लभ' उपन्याको चरित्रहरुको वर्गीकरण भएको छ की छैन भन्ने कुराको पनि यहाँ अध्ययन गरिनेछ ।

शैलीविज्ञान अध्ययन गर्दा भाषाशैलीको अध्ययन गरिन्छ । त्यसमा पनि चयन, विचलन र समानान्तरताको अध्ययन गरिन्छ । **'समर लभ'** उपन्यासमा विभिन्न तहमा चयन, विचलन र

समानान्तरता के कस्तो छ भन्ने पनि अध्ययन गरिन्छ । यस अनुसार प्रस्तुत शोधकार्यका समस्याहरू निम्नलिखित रहेका छन् :-

(क) ‘समर लभ’ उपन्यासमा फ्रेटागको पिरामिड अनुसार उपन्यासका कथानक र त्यसको विकास के कसरी भएको छ ?

(ख) ‘समर लभ’ उपन्यासका पात्रहरुको वर्गीकरण के कसरी गर्न सकिन्छ ?

(ग) शैलीविज्ञान अनुसार ‘समर लभ’ उपन्यासमा के कस्ता चयन, विचलन र समानान्तरताहरू पाइन्छ ?

**१.३. अध्ययनका उदेश्यहरू**

कुनै विषयवस्तुमा केन्द्रित भएर गरिएको अध्ययन तथा अनुसन्धानमा त्यसको समस्याको पहिचान गरी उद्देश्य निर्धारण गर्नुपर्दछ । कुनै पनि कार्य सम्पन्न गर्दा निश्चित उद्देश्यमा रहेर गरिन्छ । बिना उद्देश्य कुनै पनि कार्य सम्पन्न हुदैन । प्रस्तुत **‘समर लभ’** उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकको शोधपनि निम्न उद्देश्यमा केन्द्रित रहेको छ । यस शोधका उद्द्श्यहरू यसप्रकार रहेका छन् :-

(क) ‘समर लभ’ उपन्यासमा कथानकको विकासलाई फ्रेटागको पिरामिड अनुसार विश्लेषण गर्नु,

(ख) शैलिविज्ञानअनुसार ‘समर लभ’ उपन्यासको पात्रहरुको वर्गीकरण गर्नु,

(ग) ‘समर लभ’ उपन्यासमा शैलीविज्ञान अनुसार के कस्तो चयन, विचलन र समानान्तरताहरुको विश्लेषण गर्नु ।

**१.४. अध्ययनको औचित्य :**

शोधार्थीले आफूले गर्न लागेको शोधप्रस्तावको औचित्यमाथि प्रकाश पार्नुलाई नै शोधको औचित्य भनिन्छ ? अध्ययन तथा अनुसन्धान नितान्त उपलब्धिमूलक र फलदायक हुन्छ । प्रस्तुत कृतिको शैलीवैज्ञानिक अध्ययनले कृति तथा कृतिकारका बारेमा केही कुराको जानकारी राख्दछ । कृतिहरुको शैलीगत अध्ययन गरी वास्तविक तथ्यहरू हासीलगरी कृतिकारले खेल्ने भूमिकाको अध्ययन गरी शैलीवैज्ञानिक अध्ययनका लागि महत्वपूर्ण भूमिका खेल्ने कुरामा कुनै दुईमत छैन ।

**‘समर लभ’** उपन्यास पछिको सामाजिक यथार्थवादी उपन्यासका रूपमा ‘समर लभ’ उपन्यासको विषयवस्तु रहेको छ । **‘समर लभ’** उपन्यासको अध्ययनले सुबिन भट्टराईका अन्य साहित्यिक मूल्य एवम् स्थान निर्धारण गर्नका लागि पनि सहयोग पुऱ्याउने देखिन्छ । कृतिको व्याख्या

विश्लेषण गर्दा आवश्यक कुराहरुको जानकारी गराउनको लागि शिक्षक र विद्यार्थीहरुलाई सहयोग हुने देखिनुका साथै समालोचनात्मक रुपमा कृतिको समीक्षा गर्न समालोचकलाई पनि सहयोग पुग्ने देखिन्छ ।

प्रस्तुत अध्ययन उपन्यासकार सुबिन भट्टराईद्वारा लेखिएको कृति **'समर लभ'** उपन्यासको शैलीवैज्ञानिक अध्ययनबाट प्रस्तुत गरिएका निष्कर्षहरुको अध्यापन कार्यमा शैलीवैज्ञानिक शिक्षण प्रक्रियालाई टेवा पुऱ्याउने साहित्यिक विधागत पक्षलाई आधार स्तम्भ बनाइएमा यसको औचित्य अझ बढी महत्व एवम् स्पष्ट नै देखिन्छ । यसैले प्रस्तुत अध्ययन समालोचक वर्गलाई, शिक्षक वर्गलाई शिक्षण गर्ने क्रममा शैलीवैज्ञानिक अध्ययन गराउन सहज पुऱ्याउने, विद्यार्थी वर्गलाई शिक्षण सिकाइ गर्दा शैलीवैज्ञानिक अध्ययन गर्न सहज हुने, पाठ्यकम निर्माता, सम्पादक, कृतिकार, पाठक वर्ग र सिङ्गो समाज सबैलाई उपयोगी हुने देखिएको छ ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तत शोधकार्य पूरा गर्नका लागि निम्न परिसीमामा रही फाइन प्रिन्ट काठमाडौँबाट प्रकाशित **'समर लभ'** २०६९ उपन्यासको शैलीवैज्ञानिक अध्ययन एवम् विश्लेषण गरिएको छ :

क) फ्रेटागको पिरामिडको आधारमा **'समर लभ'** उपन्यासको कथानकको अध्ययनमा सीमित रहेको छ ।

ख) उक्त उपन्यासको ७ ओटा पात्र/चरित्रहरूको अध्ययन एवम् वर्गीकरण लिङ्ग, कार्य, प्रवृत्ति स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा सीमित रहेको छ ।

ग) उक्त उपन्यासमा प्रयुक्त भाषिक चयन, विचलन र समानान्तरताको आधारमा मात्र विश्लेषण सीमित रहेको छ ।

## १.६ पारिभाषिक शब्द

यस शोधकार्यमा पारिभाषिक शब्दहरूको प्रयोग भएका कारण ती शब्दहरूको अर्थ निम्नानुसार रहेको छ :

पुस्तकालयीय अध्ययन कार्य : सम्बन्धित विषयवस्तुमा केन्द्रित भएर पुस्तकालयमा प्रत्यक्षरूपमा उपस्थित भई गरिने अध्ययन

प्राथमिक स्रोत : अनुसन्धानकर्ता स्वयम्ले पहिलो पटक प्रयोग गरेको तथ्य वा सामग्री

द्वितीयक स्रोत : अन्य अनुसन्धानकर्ता वा कुनै निकायले पहिल्यै प्रयोग गरेको सामग्रीहरू

चयन : छान्ने वा रोज्ने काम

समानान्तरता : पद, पदावली वाक्यांश/वाक्य वा भावार्थको पुनरावृत्ति हुनु

विचलन : मानक भाषाको अतिक्रमण गर्नु / क्रम नमिल्नु

अग्रभूमिनिर्माण : सम्बन्धित विषय शीर्षकमा प्रवेश गर्नु अघि त्यस सम्बन्धी दिइने जानकारी

शैली : भाषा संरचनाको क्रमबद्ध व्यवस्थित रूप

वस्तुपरक : बाहिरी वस्तु जगत्लाई जोड्ने कार्य

## १.७ अध्ययनको रूपरेखा

प्रस्तुत शोधकार्यलाई निम्नलिखित अध्यायमा विभाजन गरी अध्ययन अनुसन्धान गरिएको छ :

अध्याय - एक : शोध परिचय

अध्याय - दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अध्ययन

अध्याय - तीन : अध्ययन विधि तथा प्रक्रिया

अध्याय - चार : व्याख्या तथा विश्लेषण प्रक्रिया

अध्याय - पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

## अध्याय : दुई

## पूर्वकार्यको समीक्षा र  सैद्धान्तिक/ धारणात्मक संरचना

### २.१ पूर्वकार्यको समीक्षाः-

प्रस्तुत अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा यसअघि सम्पूर्ण गरिएका कार्यहरूको व्यवस्थित अध्ययन गरी सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । कुनैपनि खोज वा अनुसन्धान कार्य गर्नु अगाडि सो बारेमा पहिले कुनै कार्य भएका छन् वा छैनन् भनी पहिल्याउनु आवश्यक हुन्छ । वर्तमान कार्यहरुलाई विगतले मार्गदर्शन गर्ने हुँदा आफूले गर्न लागेको अनुसन्धानलाई उद्देश्यमूलक बनाई सही मार्गमा डोऱ्याउन आवश्यक सहयोग गर्नुका साथै विषय र शीर्षकको पुनरावृत्ति हुनबाट जोगाउँछ पूर्वकार्यको समीक्षाले । प्रस्तुत शोधमा **'समर लभ'** उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । यससम्बन्धी प्रमुख पूर्वकार्यहरू निम्नानुसार छन् :-

भण्डारी (२०५४) द्वारा **'प्रायोगिक भाषाविज्ञानका केही पक्ष'** शीर्षकमा पाठ्यपुस्तकको एकाई पाँचअन्तर्गत शैलीविज्ञान शीर्षक राखी शैलीविज्ञानको परिचय, स्वरुप, संस्कृत काव्यशास्त्र र आधुनिक भाषाविज्ञानको क्षेत्र, शैलीविज्ञानका प्रकार भाषाविज्ञानमा शैली, वैज्ञानिक शैलीविज्ञान, साहित्यिक शैलीविज्ञान, संरचनात्मक शैलीविज्ञान आदिलाई स्पष्ट पारिएको छ । यसै गरी प्रस्तुत पुस्तकबाट यस 'चोरिएको निन्द्रा' कथाको शैलीवैज्ञानिक अध्ययनका लागि पर्याप्त आधार प्रदान गर्ने छ ।

ढकाल (२०६८) द्वारा **'चम्पा'** उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकको शोधकार्य भएको पाइन्छ । उक्त शोध अध्ययन पूरा गर्न पुस्तकालयीय स्रोत अपनाई विश्लेषण गरिएको छ । 'चम्पा' उपन्यासका कथानक, पात्रहरु, चयन, विचलन र समानान्तरताका आधारमा भाषिक विश्लेषणलाई समस्या बनाई ती समस्याहरुका समाधानलाई उद्देश्य मानिएको छ । 'चम्पा' उपन्यासको कथावस्तुको पृष्ठभूमि काठमाडौं उपत्यकाको सहरी परिवेशमा रहेको छ । यसको मूल पात्रहरुले समाजसँग लड्ने हिम्मत नगरी भागेकाले पलायनमुखी प्रवृत्तिलाई प्रकार्य दिइएको देखिन्छ । रेखीय ढाँचामा कथानक रहेको यो सामाजिक यर्थाथवादी उपन्यासलाई एक उच्च कोटिको कृतिका रुपमा मूल्याङ्कन गरेको निष्कर्ष निकालिएको छ ।

राहु (२०७२) द्वारा नेपाली भाषा शिक्षा त्रि.वि. कीर्तिपुरबाट **'एक्काइसौं शताब्दीकी  सुम्निमा'** उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । यस अध्ययनको उद्देश्यहरू (क) 'एक्काइसौं

शताव्दीकी सुम्निमा' उपन्यासको कथानकको विश्लेषण गर्नु, (ख) शैलीवैज्ञानिक आधारमा पात्रहरूको वर्गीकरण गर्नु र (ग) चयन, विचलन र समानान्तरताका आधारमा भाषिक विश्लेषण गर्नु रहेका छन् । उक्त शीर्षकमा शोधपत्र तयार गर्नका लागि पुस्तकालयीय विधिको उपयोग गरिएको छ । त्यसैगरी वर्णनात्मक पद्धतिको समेत प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि प्राथमिक स्रोतका रूपमा 'एक्काइसौँ शताब्दीकी सुम्निमा' उपन्यासलाई लिइएको छ भने द्वितीयक स्रोतका रूपमा शैलीविश्लेषणसँग सम्बन्धित भएर लेखिएका अप्रकाशित आलेखहरू, समालोचनात्मक लेख एवम् अनुसन्धानका सार आदिलाई लिइएको पाइन्छ । प्रस्तुत 'एक्काइसौँ शताब्दीकी सुम्निमा' उपन्यास प्रगतिवादी विचारधारलाई आत्मसात गर्दै उपन्यासकार प्रदीप नेपालद्वारा लेखिएको एक उत्कृष्ट उपन्यास भएको, पञ्चायतकालीन समयको भूमिगत राजनीतिमा सक्रिय कार्यकर्ता भई त्यसै समयमा अन्तर्जातीय विवाह गरेर पछिल्लो समयमा राजनीतिक जीवन त्यागेर व्यावसायिक सेवामा जीवन बिताउने एक नारी पात्रको सङ्घर्षलाई उपन्यासको कथावस्तु बनाइएको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयवस्तुलाई समेटेएको यस उपन्यासमा मानिसलाई सङ्घर्षशील जीवन जीउन प्रेरित गरेको कथावस्तु रैखिक ढाँचामा प्रस्तुत भएको, उपयुक्त भाषिक चयन, उखानटुक्काको सन्दर्भानुकूल प्रयोग गरिएको, आन्तरिक र बाह्य समानान्तरताको प्रयोगले उपन्यास उत्कृष्ट र प्रभावकारी बनेको निष्कर्ष निकालिएको छ (घमिरे,२०७४) ।

भट्टराई (२०७५) द्वारा जनता बहुमी क्याम्पस इटहरीमा **'धनेश्वरकी साहिँली'** कथाको शैलीवैज्ञानिक अध्ययन शीर्षकको शोधकार्य भएको पाइन्छ । प्रस्तुत शोधकार्यका समस्याहरू निम्नलिखित रहेका छन् :

(क) 'धनेश्वरकी साहिँली' कथामा फ्रेटागको पिरामिड अनुसार कथानक र त्यसको विकास के कसरी भएको छ ?

(ख) 'धनेश्वरकी साहिँली' कथाका पात्रहरुको वर्गीकरण के कसरी गर्न सकिन्छ ?

(ग) शैलीविज्ञान अनुसार 'धनेश्वरकी साहिँली' कथामा के कस्ता चयन, विचलन र समानान्तरताहरू पाइन्छन् ?

प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्य प्राप्तिमा केन्द्रित रहेको पाइन्छ :-

(क) 'धनेश्वरकी साहिँली' कथामा फ्रेटागको पिरामिड अनुसार कथानक र त्यसको विकास के कसरी भएको छ विश्लेषण गर्नु,

(ख) 'धनेश्वरकी साहिँली' कथाका पात्रहरुको शैलीवैज्ञानिक आधारमा वर्गीकरण गर्नु,

(ग) शैलीविज्ञान अनुसार 'धनेश्वरकी साहिँली' कथामा के कस्तो चयन, विचलन र समानान्तरताहरू पाइन्छन् विश्लेषण गर्नु ।

**'धनेश्वरकी साहिँली'** कथामा तत्सम, तत्भव, आगन्तुक र झर्रा तथा अनुकरणात्मक शब्दहरुको चयन गरिनुका साथै नाम, सर्वनाम, विशेषण क्रियाविशेषण, नामयोगी, संयोजक र निपातको संयोजनले कथालाई रोचक र मिठासपूर्ण बनाइएको पाइन्छ । गाम्रीण अनि निम्नवर्गीय परिवार र जनजीवनमा प्रयोग गरिने मानक भाषा र स्तरीय भाषाको प्रयोग मात्र नहुनाले भाषमा विचलन सिर्जना भएको पाइयो । मानव जीवनका विविधतालाई प्रभावशाली ढङ्गले प्रस्तुत गर्दै ग्रामीण जीवनका कष्टकर समस्या र शहरी जीवनका संवेदनहीन पक्ष तथा परिवेशलाई चित्रण गरिएको निष्कर्ष निकालिएको पाइन्छ ।

निरौला (२०७५) द्वारा जनता बहुमुखी क्याम्पसमा '**प्रिय सुफी'** उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकको शोधकार्य गरिएको पाइन्छ । यो अध्ययन निम्नलिखित समस्यामा केन्द्रित भएर गरिएको पाइन्छ :-

(क) कथानकका आधारमा 'प्रिय सुफी' उपन्यास के कस्तो छ ?

ख) चरित्रका आधारमा 'प्रिय सुफी' उपन्यास के-कस्तो छ ?

(ग) चयन, विचलन र समानान्तरताका आधारमा 'प्रिय सुफी' उपन्यास कस्तो देखिन्छ ?

यो शोधकार्य निम्नलिखित उद्देश्य प्राप्तिमा केन्द्रित रहेको देखिन्छ :-

क) फ्रेटागको पिरामिडका आधारमा 'प्रिय सुफी' उपन्यासको कथानकको विश्लेषण गर्नु,

(ख) चरित्रका आधारमा 'प्रिय सुफी' उपन्यासको विश्लेषण गर्नु,

(ग) चयन, विचलन र समानान्तरताका आधारमा 'प्रिय सुफी' उपन्यासको विश्लेषण गर्नु रहेको पाइन्छ भने पुस्तकालयीय विधिको प्रयोग गरी वर्णनात्मक ढाँचामा व्याख्या गरिएको छ ।

**'प्रिय सुफी'** उपन्यासमा भाषिक चयन अन्तर्गत तत्सम्, तद्भव, आगन्तुक र अनुकरणात्मक शब्दहरू मध्ये तत्सम् शब्दको बाहुल्यता बढी हुनका साथै नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, निपात, संयोजक, विस्मयादिबोधक आदि शब्दहरूको समुचित विन्यासले भाषा आकर्षक र प्रभावकारी बन्न पुगेको छ । त्यसैगरी माया प्रेममा आउन सक्ने बाधा, अड्चन तथा चुनौतीहरूको सामाना स्वयम् आफुनै गर्नु पर्ने र अशक्त भएका बेला साथीहरुको सहयोग नपाए पनि जीवनमा कहिल्यै हार नखानु भन्ने कुरालाई प्रस्तुत गर्दै निष्कर्ष निकालिएको छ ।

घिमिरे (२०७४) द्वारा **'शून्य डिग्री'** उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । उक्त अनुसन्धानका उद्देश्यहरू (क) फ्रोटागको पिरामिडका आधारमा 'शून्य डिग्री' उपन्यासको कथानकको अध्ययन गर्नु । ख) उक्त उपन्याको शैलीवैज्ञानिक आधारमा चरित्रको विश्लेषण गर्नु (ग) चयन का आधारमा उक्त उपन्यासको भाषिक पक्षको विश्लेष गर्नु । (घ) विचलन र समानान्तरताको आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गर्नु रहेका छन् । उक्त शोध कार्यमा पुस्तकालयीय विधिलाई प्रमुख विधिका रूपमा चयन गर्नु तथा वर्णनात्मक विधिको समेत प्रयोग गरिएको पाइन्छ । प्रस्तुत 'शून्य डिग्री' उपन्यासमा रामदाइ भन्ने पात्रले आफ्नो घर परिवारको आर्थिक स्थिति सुधार गर्न गर्नु परेको सङ्घर्ष एवम् आर्थिक विपन्नताका कारण भोग्नु परेको दुःख र पीडालाई उपन्यासको कथावस्तु बनाइएको छ । त्यसैगरी बहुविवाहका कारण उपन्न हुने पारिवारिक समस्याका साथै राजनीतिक तथा सामाजिक क्षेत्रमा हुने खिँचातानीको स्थितिलाई समेत कलात्मक ढङ्गले चित्रण गरिएको छ भन्ने निष्कर्ष निकालेका छन् ।

'भुर्तेल' (२०७२) द्वारा नेपाली शिक्षा विभाग जनता बहुमुखी क्याम्पस, इटहरी अन्तर्गत **'सेतो धरती'** उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरेको देखिन्छ । उक्त शोधपत्रको प्रयोजन उक्त उपन्यासको विश्लेषण गर्नु, फ्रेटागको पिरामिडको आधारमा उक्त उपन्यासको क) कथानकको विकासक्रमको विश्लेषण गर्नु, ख) उक्त उपन्यासको नवीन प्रयोगको विश्लेषण गर्नु, ग) उक्त उपन्यासमा रहेको भाषिक विशिष्टताको विश्लेषण गर्नु रहेका छन् । बालविधुवा जस्तो समाजको यथार्थ घटनालाई सबै साम् प्रस्तुत गर्नु, छोरीको सानैमा विवाह गरे स्वर्गको बाटो खुल्ने, छोरा जन्मने जन्मेका छोरा बाँच्ने जस्ता पुरानो मानसिकताले गर्दा बाल्यावस्था विधुवा भएर कष्ट जीवन व्यत्तित गर्नुपर्ने र यस्तो जघन्य अपराध कसैले पनि गर्नु हुँदैन भन्ने निष्कर्ष निकालेकी छिन् ।

राई (२०७४) द्वारा जनता बहुमुखी क्याम्पस इटहरीमा **'महको म'** निबन्धको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । प्रस्तुत शोधको समस्यामा 'महको म' आत्मापरक निबन्धमा क्रियापदको चयन विचलन के कस्तो रहेको छ ? भन्ने उद्देश्यहरू निम्नलिखित रहेको पाइन्छ :-

(क) 'महको म' आत्पापरक निबन्धमा क्रियापद चयनको अध्ययन गर्नु,

(ख) 'महको म' आत्मपरक निबन्धमा रहेको विचलनको अध्ययन गर्नु रहेको पाइन्छ । यसमा पुस्ताकलयीय विधिको प्रयोग गरिएको पाइन्छ ।

**'महको म'** निबन्ध भाषिक चयनका आधारमा तत्सम, तत्भव र आगन्तुक झर्रा तथा अनुकरणात्मक शब्दको चयन औचित्यपूर्ण रहेको पाइन्छ । नाम, सर्वनाम, विशेषण, क्रियाविशेषण, क्रिया, पदवर्गको चयनमा मानक भाषाको नै बढी प्रयोग भएको पाइन्छ । समानान्तरता र विचलन उपयुक्त रहेको पाइन्छ । वाक्य गठनमा एकशब्ददेखि धेरै लामा, सरल, संयुक्त, मिश्र वाक्यका साथै धेरै लामालामा वाक्यको प्रयोग बढी पाइन्छ । नेवारी आख्यान र नेपाली आख्यानलाई मिश्रण गरेर तयार गरिएको यस कृतिमा रहेका मानवीय तथा मानवेत्तर पात्रहरु तथा ईश्वरजस्ता अदृश्य पात्रहरुको प्रयोग अत्याधिक पात्रहरु प्राचिन ग्रिक आख्यानबाट लिइएको पाइन्छ । नेवारी सभ्यताको प्राचिन इतिहास, दर्शन, विज्ञान, आख्यान, साहित्य तथा नेपाली लोक आख्यानले कृति नौलो, सुन्दर र आर्कषक रहेको निष्कर्ष निकालिएको पाइन्छ ।

## २.२ पूर्वकार्यको उपयोगिता

अध्ययन अनुसन्धानकर्ताले अनुसन्धान गर्न लागेको विषय र शीर्षकसँग सम्बन्धित कार्यहरू त्यसभन्दा अगाडि के कस्ता खोज, अनुसन्धान र लेखन कार्य भएका छन् तिनीहरूलाई पूर्व कार्य भनिन्छ । यसरी अनुसन्धानकर्ताले आफूले गर्न लागेको अनुसन्धान कार्यलाई पूवकार्यसँग तुलना गरेको विशिष्ट मौलिक र नवीन एवम् औचित्य साबित गर्ने कार्य पूर्वकार्यको समीक्षाबाट नै हुने गर्दछ । यसको अतिरिक्त अनुसन्धानकर्ताले गर्न लागेको अनुसन्धान कार्य के कतिको नयाँ वा पुरानो हो कतिको महत्वपूर्ण छ वा छैन  भन्ने कुराको जानकारी मिल्दछ । अनुसन्धान प्रस्तावको एउटा अत्यन्तै महत्त्वपूर्ण अङ्ग पूर्वकार्यको समीक्षा पनि हो । पूर्वकायले अनुसन्धानको औचित्य र महत्वलाई स्थापित गर्नका लागि मद्दत गर्दछ ।

पूर्वकार्यबाट अनुसन्धानका लागि उद्देश्य, परिकल्पना अनुसन्धान पद्धतिको छनोट र पहिचानमा मद्दत पुग्ने, समस्याको वास्तविकता पहिचान गर्न सकिने, अनुसन्धेय शीर्षकको औचित्य सिद्ध गर्न, सम्बन्धित विषयमा गहन ज्ञान प्राप्त हुने अनुसन्धानको विषय छनोट बारे सुरू भएर अन्त्य सम्म नै महत्त्वका साथ रहिरहने यो अङ्गले अनुसन्धान कार्यमा पुरानो सिद्धान्त र कार्य पद्धतिको निरूपण गरेर अनुसन्ध्येय विषयमा मौलिक योगदान दिन्छ। त्यसैले अनुसन्धानलाई मौलिक विशिष्ट र नवीन बनाउनका लागि अनुसन्धानमा पूर्वकार्यको उपयोगिताको अपरिहार्यता रहन्छ ।

विभिन्न समयमा गरिएको विभिन्न उपन्यासको शैलीवैज्ञानिक अध्ययनको पूर्व समीक्षाको अध्ययनबाट निम्नानुसारको उपयोगिता रहेको छ :

क) शीर्षकको पुनरावृत्ति हुनबाट जोगाउन सहयोग पुग्ने,

ख) अध्ययन समस्यालाई विशिष्टीकरण गर्न सहयोग पुग्ने,

ग) उद्देश्य निर्धारण गर्नमा सहयोग पुग्ने,

घ) विधि निर्धारणमा सहयोग एवम् तथ्यांक सङ्कलनका आवश्यक स्रोत पहिचान गर्न सहयोग पुग्ने,

ङ) अध्ययनको सैद्धान्तिक धारणा निर्माणका साथै तथ्यांक संकलनका आवश्यक स्रोत पहिचान गर्ने आदि कार्यक्रम सहयोग पुग्ने देखिन्छ ।

अतः प्रस्तुत शोधकार्यलाई निश्चित ठाउँमा पुऱ्याउन पूर्वकार्यको समीक्षालाई उपयोगमा ल्याइएको छ । यसरी विभिन्न समयमा गरिएका विभिन्न कृतिहरूको शैलीवैज्ञानिक अध्ययनलाई आधार मानेर **'समर लभ'** उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएकोछ । पूर्वकार्यको समीक्षाबाट प्राप्त जानकारी अनुसार विभिन्न समयमा विभिन्न उपन्यासमा शैलीवैज्ञानिक अध्ययन भएको पाइयो तापनि सुबिन भट्टराईद्वारा रचना गरिएको **'समर लभ'** उपन्यासमा भने हालसम्म त्यस किसिमको अध्ययन नभएको कुरा पूर्वकार्यको समीक्षाबाट प्रष्ट भएको हुँदा उक्त उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको हो र यो नै 'समर लभ' उपन्यासको पहिलो शैलीवैज्ञानिक अध्ययन भएको छ । माथिका पूर्वकार्यहरू यस शोधपत्रको प्रारूपनिर्माण, सामग्री सङ्कलन, तालिकीकरण, व्याख्या-विश्लेषण आदिमा उपयोगी देखिएका छन् ।


### २.३ सैद्धान्तिक आधारः-

प्रस्तुत अध्ययन फ्रेटागको पिरामिडको आधारमा कथावस्तुको विश्लेषण गरिनेछ भने शर्मा :२०४८ का आधारमा चरित्र र शैलीको अध्ययन गरिऐको छ ।

### २.३.१ कथानकको विकासक्रमः-

**'समर लभ'** उपन्यासको कथानकको विश्लेषण फ्रेटागको पिरामिड अनुसार देखाउन सकिन्छ । प्रसिद्ध जर्मन समालोचक गुस्ताभ फ्रेटागले आख्यानात्मक कृतिका संरचनामा पाइने कथानकको जुन विकासक्रम निर्धारण गरेका छन्, त्यसैलाई उनकै नामबाट फ्रेटागको पिरामिड भनिन्छ (शर्मा, २०४८ : १७१) । फ्रेटागको पिडामिड अनुसार कथानकको विकासलाई पाँच चरणमा विभाजन गरेर अध्ययन गरिनेछ, जुन फ्रेटागको पिरामिडलाई निम्नानुसार देखाउन सकिन्छ :-

**आरेख नं १ फ्रेटागको पिरामिड**




(शर्मा, २०४८ : १७१)

फ्रेटागको पिरामिडमा प्रस्तुत गरिएका कथानक विकासक्रमका अवस्थालाई निम्नानुसार चिनाउन सकिन्छ :-

**२.३.२. चिनारीः-**

कथानकको सुरुवात बिन्दलाई आरम्भ वा चिनारी भनिन्छ । चिनारीलाई कथानक विकासको पहिलो अवस्था मानिन्छ । यस भागमा कृतिभित्र हुने विविध उतारचढावको पूर्व सङ्केत एवम् पात्रहरुले समान गर्नुपर्ने परिस्थितिको जानकारी पाइन्छ ।

**२.३.३ सङघर्ष विकासः-**

कथानक विकासको दोस्रो अवस्थाका रुपमा सङ्घर्ष विकासलाई मानिन्छ (शर्मा २०४८:१६७) । यस चरणमा कृतिभित्रका घटना तथा उपघटनाहरू क्रियाशील हुदै जान्छन् ।

**२.३.४ चरमः-**

चरमलाई कथानक विकासको तेस्रो अवस्थाका रूपमा लिने गरिन्छ (शर्मा, २०४८: १६८) यस अवस्थामा पात्रहरुबीच द्वन्द्व पैदा हुने भएकाले पात्रहरू महत्वपूर्ण र गम्भीर र निर्णयमा पुग्दछ ।

**२.३.५ सङ्घर्षह्रास :-**

यो कथानक विकासको चौथो अवस्था हो । यस चरणमा आइपुगेपछि छरिएको घटना प्रवाहलाई समेट्ने र संगाल्ने गरिन्छ (शर्मा, २०४८:१६८) ।

**२.३.६ उपसंहारः-**

यो कथानक विकासको अन्तिम चरण हो । यस अवस्थामा आइपुगेपछि पात्रहरू बीचमा चलेका संघर्षको अन्त्य हुन्छ साथै पात्रहरूका समस्याको निराकरण हुन्छ (शर्मा, २०४८:१६८) ।

**२.३.७ चरित्रको विश्लेषण एवम् वर्गीकरणका आधारः-**

चरित्रलाई उपन्यासको महत्वपूर्ण तत्व मानिन्छ । चरित्रकै कारण कथानक अगाडि बढ्ने भएका कारण नै ‘साया’ उपन्यासको चरित्रहरूको वर्गीकरणका आधारमा निम्न रहेका छन् :

### २.३.७.१ लिङ्गका आधारमाः-

उपन्यासमा प्रयोग भएका पात्र वा चरित्रहरूको प्राकृतिक वा शारीरिक जात छुट्याउने आधार लिङ्ग हो (शर्मा, २०४८: १७४) । नायक नायिकालाई अनुकुल पात्रका रूपमा लिइन्छ भने खलनायक र खलनायिकालाई प्रतिकूल पात्रका रूपमा लिइन्छ ।

### २.३.७.२ कार्यका आधारमाः-

उपन्यासको प्रयोग हुने पात्रहरूको श्रमिक अनुसार पात्रहरूलाई मूख्य, सहायक, गौण गरी वर्गीकरण गरिएको हुन्छ । उपन्यासमा सुरुदेखि अन्यसम्म प्रमुख भूमिका खेल्ने पात्रलाई सहायक र क्रम देखापर्ने बीच-बीचमा देखापर्ने र हराउने पात्रलाई गौण रुपमा चिनिन्छ (शर्मा, २०४८:१७४) ।

### २.३.७.३ प्रवृत्तिका आधारमाः-

प्रवृत्तिका आधारमा पात्रलाई प्रतिकूल र अनुकुल गरी दुई भागमा विभाजन गरिएको पाइन्छ ( शर्मा, २०४८: १७४) । नायक नायिकालाई अनुकूल पात्रका रूपमा लिइन्छ भने खलनायक, खलनायिकालाई प्रतिकूल पात्रका रूपमा लिइन्छ ।

### २.३.७.४ स्वभावका आधारमाः-

स्वभावका आधारमा आख्यानात्मक कृतिका पात्रहरुलाई गतिशील र गतिहीन गरी दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ । देशकाल, परिस्थिती अनुसार स्वभावमा परिवर्तन ल्याउने पात्र गतिशील पात्र हो भने स्वभाव सिद्धान्त र जीवनहरुलाई परिस्थिती अनुसार परिवर्तन नल्याउने पात्र लाई गतिहिन पात्रको रूपमा लिइन्छ (शर्मा, २०४८: १७४) ।

### २.३.७.५ जीवन चेतनाका आधारमाः-

व्यक्तिगत र वर्गीय गरी जीवन चेतनाका आधारमा पात्रहरूलाई दुई भागमा विभाजन गरिएको पाइन्छ (शर्मा, २०४८: १७५) । निश्चित सामाजिक भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्रलाई वर्गीय पात्रको रूपमा लिइन्छ भने यसका विपरीत सामाजिक भूमिका भन्दा नितान्त फरक निजी स्वभाव वा वैयक्तिकताको प्रतिनिधित्व गर्ने पात्र व्यक्तिगत पात्र हुन् ।

### २.३.७.६ आसन्नताका आधारमा:-

आसन्नताका आधारमा मञ्चीय र नेपथ्य गरी दुई भागमा वर्गीकरण गरिएको पाइन्छ (शर्मा, २०४८: १७५) प्रत्यक्ष रूपमा आफ्नो भूमिका निर्वाह गर्ने मात्र मञ्चीय र कृतिमा अप्रत्यक्ष भूमिका निर्वाह गर्ने पात्रलाई नेपथ्य पात्रका रुपमा चिनिन्छ ।

### २.३.७.७ आबद्धताका आधारमा:

बद्ध र मुक्त गरी आबद्धताका आधारमा पात्रहरुलाई दुई भागमा विभाजन गरिएको पाइन्छ । कथानक सँग प्रत्यक्ष सम्बन्धित भएका पात्रहरु बद्ध पात्र हुन भने प्रत्यक्ष सम्बन्धित नभएका पात्र मुक्त पात्र हुन् (शर्मा, २०४८: १७५)

माथि उल्लिखित आधारमा **'समर लभ'** उपन्यासको कथानकमा प्रयुक्त पात्र/चरित्रहरुको वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

## २.३.३ कृति विश्लेषणका शैलीवैज्ञानिक आधार

भाषिक संरचना र साहित्यिक संरचनालाई जोड्ने कार्य शैलीले गर्दछ (भण्डारी र अन्य, २०६८ : ३८) । साहित्यिक कृतिमा प्रयुक्त शैलीको शैली विश्लेषणमा भाषिक संरचना आधारभूत र साहित्यिक संरचना शीर्षकृत वा मुख्य भएर आएको हुन्छ । कृतिको सौन्दर्य निर्माणमा शैलीले महत्वपूर्ण भूमिका निर्माण गर्दछ । यस अन्तर्गत निम्नलिखित तीन पक्षहरू पर्दछन् :

### २.३.३.१ विकल्पन र चयन

विकल्पको अर्थ यो वा अन्य भन्ने हुन्छ भने चयनको अर्थ छनोट हो । भाषाका विभिन्न स्तरहरू वर्ण, रूप, पदावली, शब्द, वाक्य, शैली तथा अर्थगत व्यापकताबाट आवश्यकता अनुसार खास खास एकाइको छनोट गर्नु नै चयन हो (भण्डारी र अन्य, २०६८:३६) । छन्दका विविध विकल्पहरू मध्ये कुनै एकको छनोट गर्नु, विभिन्न अलङ्कार मध्ये कुनै एकको छनोट गर्नु, विभिन्न चरित्र र परिवेश आदिबाट सान्दर्भिक पक्षहरू छान्नु चयन सम्बन्धी कार्य हो ।

२.३.३.२ अग्रभूमि निर्माण

रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन सो अंशमा विशेष बल दिनु नै अग्रभूमिका निर्माण हो (शर्मा २०४८:१०) । स्रष्टाले आफ्नो अभिव्यक्तिलाई आकर्षक बनाउनका लागि खास ध्वनि, पद, पदावली तथा वाक्यलाई विशेष जोड दिएर अगाडि राख्नु नै अग्रभूमि निर्माण हो । पश्चभूमिमा रहेको सूचनालाई अग्रभागमा ल्याई नवीनताको सिर्जना गर्नु नै अग्रभूमि निर्माणको खास प्रयोग हो । खास गरी रचनाको कुनै भागलाई विशिष्ट बनाई सौन्दर्य प्रकट गर्न यसको प्रयोग गरिन्छ ।

२.३.३.३ समानान्तरता

भाषा प्रयोगको नियमित पुनरावृत्तिलाई समानान्तरता भनिन्छ (शर्मा २०४८:१०) । यो उद्देश्यमूलक र सार्थक हुने गर्दछ । विचलनको विपरीत उपकरणका रूपमा देखाउने समानान्तरता भनेको नियमितताको अत्याधिक परिपालना हो । समानान्तरता शब्द र धारणाका प्रथम प्रयोक्ता प्राग सम्प्रदायका भाषाविद् रोमन योकोब्सन हुन् । समानान्तरताको प्रयोग भाषाका विभिन्न स्तरहरू वर्ण, रूपमा शब्द, पदावली, वाक्य, लय तथा अर्थका रूपमा फेला पार्न सकिन्छ । समानान्तरता निम्नलिखित दुई किसिमका हुन्छन्:

२.३.३.३.१ बाह्य समानान्तरता

साहित्यिक कृतिको आवरण पक्ष अर्थात वर्ण, रूप, शब्द, पदावली, वाक्य, लय तथा अलङ्कारमा देखापर्ने पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ । यो ठोस, स्थूल प्रकृतिको हुन्छ ।

२.३.३.३.२ आन्तरिक समानान्तरता

अर्थको पुनरावृत्ति हुनुलाई आन्तरिक समानान्तरता भनिन्छ । यो भावार्थ र वाच्यार्थ गरी दुई प्रकारका हुन्छन् । भावार्थ भनेको चहि भाव वा विचार पक्षको पुनरावृत्ति भन्ने बुझिन्छ भने मूख्य अर्थको पुनरावृत्ति हुनुलाई वा अभिधा शब्दशक्तिको पुनरावृत्तिलाई वाच्यार्थ समानान्तरता भनिन्छ ।

२.३.३.४ विचलन

मानक भाषाको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ  ( शर्मा : २०४८ : ११) । भाषाको प्रचलित ढाँचालाई अतिक्रमण गरी सौन्दर्य प्रदान गर्नु नै विचलन हो । यस्तो अतिक्रमण उद्देश्यमूलक र सार्थक ढङ्गको हुने गर्दछ । भाषाविद् सस्युरको लाङ र प्यारोल मध्ये प्यारोलको

अवधारणसँग विचलनलाई जोडेर हेर्न सकिन्छ किनभने कृतिमा प्रयोग भएको भाषा प्यारोल हो । विचलन विभिन्न प्रकारका हुन सक्ने भए पनि खासमा निम्नलिखित सात (७) प्रकारका छन् :

**क) कोशीय/ विचलनः-**

शब्दकोशमा समावेश नभएका शब्दहरुलाई नयाँपनका साथ उपस्थित गराएर आफ्नो अभिव्यक्तिलाई मूर्त तथा प्रभावकारी बनाउनका लागि प्रस्तुत गरिने शब्दहरु कोशीय विचलनयुक्त शब्द हुन् ।

**ख) व्याकरणिक विचलनः-**

लिङ्ग, वचन, पुरूष, काल, भाव, पक्ष, वाल्य, करण-अकरण जस्ता व्याकरणात्मक कोटिहरू, पदसङ्गति पदक्रम यसमा राखिन्छ ।

**ग) ध्वनि वा वर्णगत विचलनः-**

लेख्य भाषालाई कथ्य उच्चारण प्रकृतिमा ढालेर गरिने विचलनलाई यस अन्तर्गत राख्न सकिन्छ ।

**घ) लेख्य प्रक्रियागत विचलनः-**

शब्द लेखाइका सन्दर्भमा देखिने विचलनलाई यस अन्तर्गत राखिन्छ ।

**ङ) अर्थगत विचलनः-**

अर्थगत रुपमा देखापर्ने विचलनलाई यस अन्तर्गत राखिन्छ ।

**च) भाषिक विचलनः-**

विभिन्न भाषिकाको प्रयोगबाट देखिने विचलनलाई यस अन्तर्गत राखिन्छ ।

**छ) प्रयुक्तिगत विचलनः-**

एउटा परिस्थिति वा प्रसङ्ग अनुरूपको भनाइलाई अर्को प्रसङ्ग वा भाषिक व्यवहारमा प्रयोग गर्नुलाई प्रयुक्तिगत विचलन भन्ने गरिन्छ ।


### २.३.३.५ विविधताः-

विषय र प्रयोगकर्ताका अनुसार एउटा भाषामा विभिन्न भेदहरु देखापर्दछन् र यिनै भेदहरूलाई विविधता भनिन्छ (शर्मा, २०५९:८) । साहित्यिक कृतिहरूमा यस्ता अनेक प्रकारका विविधताहरू देख्न पाइन्छ । शैली विज्ञानले प्रयुक्तिका आधारमा कृतिमा प्रयुक्त विविधताको विश्लेषण गर्छ ।

माथि चर्चा गरिएका सैद्धान्तिक आधारहरू मध्ये फ्रोटागको पिरामिड अनुसार कथानकको विश्लेषण गरिनेछ भने लिङ्ग कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा 'समर लभ' उपन्यासको कथानकमा प्रयुक्त पात्रहरुको शैलीवैज्ञानिक अध्ययन तथा विश्लेषण गरिनेछ । त्यसैगरी चयन, विचलन र समानारताका आधारमा उक्त भाषिक विश्लेषण गरिनेछ । प्रस्तुत शोधकार्यको आधारमा धारणात्मक संरचनालाई निम्नानुसार चित्रमा देखाएको छ ।

**आरेख नं २**

**धारणात्मक संरचना**



# अध्याय - तीन :

## अध्ययनको विधि र प्रक्रिया

### ३.१ अध्ययनको संरचना

'समर लभ' उपन्यासको शैलीवैज्ञानिक आधारमा विश्लेषण गरिएको छ । उक्त उपन्यासको विश्लेषण गर्दा प्रमुख विधिका रूपमा पुस्ताकालयीय विधिको प्रयोग गरिएको छ । प्रस्तुत शोधपत्रमा सङ्कलित सामग्रीहरूको गुणका आधारमा अध्ययन गरिएको हुँदा गुणात्मक ढाँचाका साथै त्यसै सामग्रीका विशेषताका आधारमा वर्णनात्मक तथा व्याख्यात्मक विधिलाई अपनाएर अध्ययन गरिएको छ । यसै गरी पुस्तकालयमा उपलब्ध भएका शैलीविश्लेषण सम्बन्धी विभिन्न साहित्यकारका लेख रचना, समालोचनात्मक काव्यकृति, पत्रपत्रिका एवम् सम्बन्धित शीर्षकसँग मिल्दा जुल्दा शोधपत्रहरूको अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ । उपन्यासभित्रका कथावस्तुलाई फ्रेटागको पिरामिडका आधारमा ५ चरणमा वर्गीकरण गरी देखाएको छ । पात्र चरित्रको शैलीवैज्ञानिक आधारमा विश्लेषण र चयन, विचलन एवम् समानान्तरताका आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गरिएको छ ।

### ३.२ जनसङ्ख्या

'समर लभ' उपन्यास र त्यसमा प्रयोग भएका पात्रहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

### ३.३ नमुना छनोट

प्रस्तुत शोधकार्यको निम्ति 'समर लभ' उपन्यासको कथानक पात्र, चयन, विचलन र समानान्तरतालाई नमुनाका रूपमा चयन  गरिएको छ ।

### ३.४ उपकरण निर्माण

यस शोधकार्यमा उपकरण निर्माण गर्दा निम्न दुई स्रोतलाई आधार मानिएको छ ।

#### क. प्राथमिक स्रोत

यस अनुसन्धान कार्यमा प्राथमिक स्रोतका रूपमा 'समर लभ' उपन्यासलाई लिइएको छ ।

### ख. द्वितीयक स्रोत

यस अनुसन्धानमा द्वितीयक स्रोतका रूपमा 'समर लभ' उपन्यासको शैलीवैज्ञानिक विश्लेषणसँग सम्बन्धित विभिन्न साहित्यकार एवम् समालोचकका लेख रचना र समालोचनात्मक ग्रन्थहरू, पत्रपत्रिकाहरू, सैद्धान्तिक पुस्तक, शैलीविश्लेषणसँग सम्बन्धित काव्यकृतिहरूलाई आधार मानिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन

प्रस्तुत **'समर लभ'** उपन्यास शैलीविज्ञानसँग सम्बन्धित विभिन्न सिद्धान्तमा आधारित भएर गरिने हुँदा यिनै तथ्यहरूलाई आधार मानी यो अनुसन्धान कार्यमा पुस्तकालयीय विधिलाई मुख्य आधार बनाइएको छ । पात्रहरूको शैलीवैज्ञानिक वर्गीकरणलाई प्रस्तत् गरिएको छ । कथानक र चरित्रको विश्लेषण गरिनेछ । विभिन्न लेख, रचना, समालोचकका रचना, कृति, शैलीवैज्ञानिकसँग सम्बन्धित पुस्तक सम्बन्धित विषयका विज्ञहरूसँग सल्लाह, सुझाव लिएर तथ्याङ्कको व्याख्या एवम् विश्लेषण गरिनेछ । तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

विभिन्न विधि एवम् प्रक्रियाबाट तथ्याङ्क अर्थात सूचना सङ्कलन गरिसकेपछि प्राप्त तथ्याङ्कलाई निश्चित विधि एवम् प्रक्रिया/मापदण्डमा आधारित भएर व्याख्या एवम् विश्लेषण गर्नुपर्दछ । तथ्याङ्कहरूको व्याख्या र विश्लेषणबाट नै शोधकार्यको उद्देश्य अनुरूप निष्कर्षमा पुग्न सकिन्छ । यस अध्ययनमा पुस्तकालयीय विधिलाई मुख्य आधार बनाइ वर्णनात्मक पद्धतिमार्फत तथ्याङ्कको विश्लेषण र व्याख्या गरिएको छ । त्यसै गरी शैलीवैज्ञानिक सिद्धान्तलाई समेत प्रमुख आधार बनाई त्यसको अध्ययन विश्लेषण गरी त्यसैका आधारमा 'समर लभ' उपन्यासको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ । यस उपन्यासका पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा व्याख्या विश्लेषण गरिएको छ । उपन्यासको कथानकको विकाक्रमलाई फ्रेटागको पिरामिड (चिनारी, सङ्घर्षविकास, चरम, सङ्घर्षह्रास र उपसंहार) का आधारमा विश्लेषण गरिएको छ । चरित्र चित्रणको शैलीवैज्ञानिक आधारहरू लिङ्ग, कार्य, प्रवृति, स्वभाव, जीवनचेतन, आबद्धता र आसन्नता रहेका छन् । उपन्यासमा प्रयुक्त भाषिक पक्षको विश्लेषण चयन, विचलन र समानान्तरताका आधारमा गरिएको छ । चयन अर्न्तगत तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक, नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियाविशेषण, निपात, संयोजक र विस्मयादिबोधक आदि शब्दहरूको चयन, अध्ययन र विश्लेषण गरिएको छ । यसै

गरी आवश्यकताअनुसार सम्बन्धित विषयका विज्ञहरूसँग समेत सल्लाह सुझाव लिएर संरचनात्मक शैलीविज्ञानका विश्लेषणात्मक पद्धतिलाई आत्मासात् गरेर तथ्याङ्कको व्याख्या एवम् विश्लेषण गरिएको छ । तथ्याङ्कलाई तालिकामार्फत प्रस्तुत गरिएको छ ।

# अध्याय चार :

# व्याख्या तथा विश्लेषण

## ४.१ समर लभ उपन्यासको परिचय

यस अध्यायमा सुबिन भट्टराईद्वारा लिखित **'समर लभ'**(२०६९) उपन्यासलाई शैलीविज्ञानअनुसार कथानक र फेटागका पिरामिडका आधारमा पात्रविधान, चयन, विचलन र समानान्तरताको अध्ययन गरिएको छ ।

## ४.२ समर लभ उपन्यासमा कथानक

### ४.२.१ समर लभ उपन्यासको कथानक :-

सुबिन भट्टराईद्वारा लिखित **'समर लभ'** (२०६९) उपन्यासको बाह्य संरचनालाई हेर्दा मभ्फौला आकारमा संरचित देखिन्छ । २०६९ सालमा प्रकाशित उपन्यासमा अतीत शर्मा र साया शाक्य पात्रका जीवनमा घटेका घटना एवम् अन्तरजातीय प्रेमका कारण जीवनमा आइपरेका समस्याहरुलाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा अतीत शर्माले आफ्नो प्रेम कथाको वर्णन म पात्रलाई गरेको छ । उनको कथाले म पात्रको मनमा झन धेरै प्रश्न उब्जीएकाले म पात्रले यस उपन्यास मार्फत साया शाक्यलाई प्रश्नका उत्तर दिनका लागि बाध्य बनाईएको छ । यी सबै कुरा हुदा हुदै पनि आफु प्रति, आफ्नो माया सफल बनाउनका लागि विदेशिएको घटना समेत प्रस्तुत गरिएको छ ।

यस उपन्यासको प्रमुख पात्र अतीतले म पात्र (लेखक)लाई ओस्लो र जर्मनीको 'किल' भन्ने स्थानमा जहाजमा यस उपन्यासको प्रमुख पात्र अतीत शर्मा र साया शाक्य हुन । उनीहरुका जीवनमा घटेका तीतामीठा घटनालाई सङ्कलन गरी यस उपन्यासको रचना भएको छ । अतीत ब्रहामण सम्प्रदायमा हुर्केको केटो हो भने साया नेवार सम्प्रदायमा हुर्केकी केटी हो । उनीहरुको झाङ्गिएको प्रेममा एकाएक बाधा उत्पन्न भएको, साया एकाएक अतीत सँग टाढीएको, सायाले अतीतलाई आफ्नो बाबाले अन्तरजातीय प्रेमलाई अस्वीकार गरेको, म पात्रले साया र अतीतलाई एक बनाउने प्रयास, अतीत र सायाको प्रेम छुट्नको कारण खोजी म पात्रद्वारा गरिएको, अतीत र सायाले धनगढीको शिवमन्दिरमा गएर भागेर विवहा गरेको, विवहाको समयमा अरु कसैको साथ नभए पनि साथिहरुको साथ नछुटेको, बिराटनगर गएर बिहा दर्ता सम्म पनि गरेको, आफ्नो बाबाको निर्णय पश्चात सायाले अतीतलाई फोन गर्न छाडेको र अन्त्यमा साया टाढा भएपछि अतीतले आफ्नो माया प्रति विश्वास राख्दै

नर्वे गएर आफ्नो हरेक प्रश्नहरुको जवाफ मागेको र जस्तो सुकै अवस्था आइपरेता पनि आफ्नो प्रेम सफल पार्न गर्नुपरेको र भोग्नुपरेको कुरालाई दर्शाउदै उपन्यासको कथानकको अन्त्य भएको छ ।

यसरी 'समर लभ' उपन्यासको कथानकलाई हेर्दा प्रेममा जातले पार्ने असर र जीवनमा प्रेम गर्दा आई पर्ने चुनौतीलाई दुवै मिलेर सामना गर्नुपर्ने कुरालाई प्रस्तुत गरिएको छ ।

### ४.२.२ 'समर लभ' उपन्यासमा कथानकको विकासक्रम :-

आख्यानात्मक विधाको अत्यन्त महत्वपूर्ण तत्वका रुपमा कथानकलाई लिइन्छ । कथावस्तु सिर्जनाको आधारका रूपमा कथानक आएको हुन्छ । आख्यानमा घटनाहरु चरणबद्ध रूपमा आएका हुन्छन् । उपन्यासमा कथानकको गति सिलसिलाबद्ध रुपमा समावेश गरिएको हुन्छ । विषयवस्तु आदि, मध्य र अन्त्यको शृङ्खलामा रहेको हुन्छ । आख्यानात्मक कृतिहरूमा पाइने कथानकको विकासक्रमलाई अध्ययन गर्ने शैलीवैज्ञानिक सिद्धान्तलाई फेटागको पिरामिड भनिन्छ । यहाँ कथानकका सम्बन्धमा फेटागको 'टेक्निकल अफ द ड्रामा' (सन १८८३) भन्ने पुस्तकमा सूचीस्तम्भात्मक आकारमा देखाइएको कथानक विकासक्रमको अवस्थाहरुका आधारमा 'समर लभ' उपन्यासको कथानकको विश्लेषण गरिएको छ जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**तालिका नं. १**

| **कथानकको क्रम** | **कथानकको विकासक्रम** | **'समर लभ' उपन्यासबाट प्राप्त भाषिक तथ्याङ्क** | **पृष्ठ सङ्ख्या** |
|---|---|---|---|
| १.आदि भाग पहिलो उपशीर्षक देखी छ उपशीर्षक सम्म अर्थात् पृष्ठ १४-५३ | (क) चिनारी | ▪ रिफ्रेसमेन्टका लागि एक्लै निस्किए, ओस्लो र जर्मनीको 'किल' बीचको दुई दिने क्रुज यात्रामा निस्कनु ।<br>▪ मेनगेटमा मानिस हातहातमा सपिङ व्याग लिएर ओहोर-दोहोर गरिरहनु ।<br>▪ जहाजमा अतीत शर्मा र म पात्र (लेखक) बीच कुराकानी हुनु ।<br>▪ त्रिभुवन विश्वविद्यालय परिसरको पहिलो दिन | |

| | | | |
|---|---|---|---|
| सम्म | | साथिहरूसँग कुराकानी हुनु ।<br>■ इन्ट्रान्स टपर साया शाक्यको नाम देखेर अतीत भित्र टपरको अनुहारमात्र भए पनि हेर्ने चाहाना हुनु ।<br>■ कक्षामा साया शाक्य अर्थात इन्ट्रान्स टपरलाई चारै तीर नियाल्नु ।<br>■ रमाकान्त यादव सरले रजिस्टर पल्टाएर हाजिर गर्नु ।<br>■ क्यान्टिनमा बसेर चिया पिउँदै गर्दा केटीहरूसँग गफगरि साया शाक्यको पत्ता लगाउनु ।<br>■ अर्को दिन पुन क्यान्टिनमा सबै सँग बसेर कुराकानी गर्दै साया शाक्य सँग पनि परिचय गर्नु ।<br>■ परिचयको फेर समातिसकेपछि सम्बन्धले अतीत र सायाका बीचमा गति लिएको ।<br>■ उनीहरू दुई अर्थात अतीत र साया दुवै एकअर्कालाई मन पर्नु , फोन नम्बर साटासाट गरेर सिनेमा हेर्न जयनेपाल हलमा पुग्नु ।<br>■ उनीहरू दुईका बीच फोनमा कुराकानी हुनु ।<br>■ अतीत उनीहरू दुईका बीचको प्रेमको डोरी बाट्न चाहनु ।<br>■ अतीतले प्रेम प्रस्ताव राख्नु तर सायाले तुरून्त जवाफ नदिनु ।<br>■ छुट्टिने बेलामा भने, मैले भोलि नो सुन्नु नपरोस है साया भन्नु, ऊ केही नबोल्नु ।<br>■ घर पुगेपछि तीनवटा चुरोट र चारवटा गीत सकिसकेपछि मोबाइलमा दुईचोटि टिनटिन गर्दै मेसेज टोनले मुटुको धुकधुकी बढाउनु । | |

| | | | |
|---|---|---|---|
| | | ▪ मेसेजमा रिप्लाई एस आउनु । | |
| | (ख) सङ्घर्ष विकास ( पहिलो सङ्कटावस्था) | ▪ अतीतले कुन फ्याक्टरले एस भन्न मन लागेको कुरा सायालाई सोध्नु ।<br>▪ क्लासका पुरै विद्यार्थीलाई जम्मा दुई भागमा वर्गीकरण गर्नु ।<br>▪ बिहान सात बजे देखि सायाको क्लास र १०:३० बजे अतीतको हुनु ।<br>▪ एकै वाक्यमा मनका तडप पोखिदिनु, तिमी मर्निङ्मा म डेमा ।<br>▪ अब भेट कसरी हुन्छ साया भनी सोध्नु ।<br>▪ शनिवारहरू छन् नि, उसले भनी "कैलेकाहीँ बङ्क हानूँला ।"<br>▪ भेट गर्न आउदा बाहाना गरेर आएको कुरा सायाले बताउनु । | ५५ देखि ६० |
| | | ▪ बिनोद ग्याङ क्लासको सबभन्दा बढी हाँवा र बङ्क हान्ने ग्याङ ।<br>▪ मर्निङ र डे ग्रुपमा क्लास विभाजित भइसकेको अवस्थामा तिनीहरुसितको सम्बन्ध पनि धमिलिँदै जाला भन्ने लागिरहनु ।<br>▪ छ महिना पूरै प्राक्टिकल र रफ्तारमा बढेको थ्योरी क्लासमा केन्द्रित रहनु । | ६१ देखी ६९ |

| | | | |
|---|---|---|---|
| २. मध्य भाग उपशीर्षक | (ग) चरम ( दोस्रो सङ्कटावस्था देखी अन्तिम सङ्कटावस्था सम्म) | ▪ पहिलो पल्ट दुवै जाना फिल्डमा जानु ।<br>▪ सायालाई चियाको तलतल लाग्यो भन्नु ।<br>▪ उसको त्यो भारी झोला नँया बानेश्वर बस स्टेन्ड लाँदै काँध दुख्न लाग्नु ।<br>▪ ल्याबमा काम गर्ने उमेश दाइले खबर गरे हामीलाई पोखरा लाने बस बिग्रेर थन्किनु ।<br>▪ सुमन र प्रकाश दुई ग्रुपमा बेग्ला बेग्लै गाडीमा बस्नु ।<br>▪ सबको सामु गएर उसको झोला बोकिदिन आँट नआउनु ।<br>▪ ऊ मलाई एकपल्ट आँखा तर्दै रोडक्रस गरेर बाबा लजको भऱ्याङ् उक्लिन लाग्नु ।<br>▪ चारचार जनाको ग्रुपको लिस्ट डिपार्टमेन्टलाई बुझाउनुपर्ने भन्ने सूचना दिनु ।<br>▪ अरूले नबुझेपनि किरणले मेरो नौटङ्की स्पष्ट बुझ्नु ।<br>▪ धेरैबेरसम्म पनि उसको ध्यान आफूतिर तान्न नसक्नु ।<br>▪ दिनभरी गधाझै जोतिनु अनि राति पनि दिउँसो गरेको कामको क्यालकुलेसन गर्नु । | ७०-८० |
| | | ▪ सायालाई लेक साइडमा भेट्न आउदा बस नपाएर बल्लतल्ल एउटा प्याक गाडी पाउनु ।<br>▪ सर्वे गर्नका लागि माझिहरु नपाउनु ।<br>▪ पोखरामा अन्तिम दिन भएकाले सबै उदास हुनु ।<br>▪ रक्सि नपचेका कारण धेरै पल्ट बान्ता हुनु । | ८१-१०५ |

| | | | |
|---|---|---|---|
| | | ■ होसमा नभएको अवस्थामा केटीलाई दुर्व्यवहार गर्दा झापड खानु ।<br>■ रातीको व्यवहारको कारण साया रिसाउनु ।<br>■ परिक्षाको रूटिन आउनाले कलेजमा भुइचालो आएझै हुनु ।<br>■ अतीतको प्रेममा परेर टपर सायाको पढाइ बिग्रिएको कुरा साथीहरूले भन्नु ।<br>■ क्लास बङ्क गरेर घुम्न जानु ।<br>■ किस गर्दै गरेको आफू भन्दा सिनियरले देख्नु ।<br>■ कम्बाइन स्टडीका कारण पढाइमा झन बाधा आउनु ।<br>■ साया प्रति कुविचार नराख्ने शर्तमा दुईजना कम्बाइन स्टडी सुरू गर्नु ।<br>■ अतीतको व्यवहारका कारण साया कोठामा आउन नमान्नु ।<br>■ रक्सी खादा जिउले नसहे पनि सायाको अफर टार्न नसक्नु ।<br>■ रोमान्टिक हुन लाग्दा मूल गेट खोलेको आवाज आउनु ।<br>■ घरको सदस्य आइपुगेको कारण छतमा गएर लुक्नुपर्ने अवस्था आउनु ।<br>■ रिजल्ट आएको खबरले अतीत नर्भस हुनु ।<br>■ तर यो अतीतले मसित गद्दारी गर्नु ।<br>■ एक्जामको बेला मैले नोट नदिएको रिस एकजना साथीले सबका अगाडि पोख्न थाल्नु । | |

| | | | |
|---|---|---|---|
| | | ■ चितवन नेशनल पार्क थेसिसको फिल्ड हुनु ।<br>■ काठमाडौँबाट निस्कँदानिस्कँदै दर्के पानी पर्नु । | |
| | | ■ साया अरू नै साथीहरुको ग्रुपमा मिसिनु ।<br>■ फिल्डको काम भने दिनभरि जङ्गल डुल्नुपर्ने, जङ्गलमा बाघ, भालु र विशेष गैडाको धेरै नै डर हुनु ।<br>■ जङ्गलमा डुल्दा मोबाइलमा नेटवर्क नहुनु, पानी दिनभरि परिरहनु ।<br>■ ट्वाइलेट टाढा भएका कारण राति छतमै पिसाब गरिदिनु ।<br>■ दोस्रो फिल्ड भिजिटका तयार हुनु ।<br>■ भोकै फिल्डमा हिड्नु ।<br>■ अलिक हुने खानेजस्ता देखिएको मानिसको व्यवहार रूखो हुनु र जो निकै दरिद्र छन् ती आतिथ्य देखाउन खोज्नु ।<br>■ एउटा एनजिओमा जागिर पाउनु तर पूर्वको मान्छे सुदूरपश्चिम जानुपर्ने ।<br>■ साया र अतीतले नर्वेका लागि स्किममा एमफिल प्रोग्रामका लागि स्कलरसिप फारम भर्नु तर त्यो अवार्ड सायाले मात्र पाउनु ।<br>■ दुवै मिलेर बनाएको योजना असफल हुनु ।<br>■ दस दिनभित्र साया विश्वविद्यालयमा उपस्थित हुनु र त्यही दस दिनभित्रै अतीत पनि धनगढीको कार्यलयमा | १०६-१४४ |

| | | | |
|---|---|---|---|
| | | हाजिर हुनु ।<br>■ साया नर्वे जानु र अतीत धनगडी जानु ।<br>■ बसेको सिटमा छतबाट पानी चुहिनु ।<br>■ बाबा आमाको सहमति बेगारको बिवहा गर्न लाग्नु ।<br>■ सायालाई लिन दिल्ली जानु ।<br>■ दिल्ली जादा बाढी आएर पुल भत्किनु ।<br>■ गाडी बाट निस्किएर हिड्नु ।<br>■ मध्यरातमा अर्काको घरको ढोका ढक्ढक्याउनु ।<br>■ स्टेसन यहाँबाट ढाइ किलोमिटर छ भन्नु ।<br>■ पानी पर्ने क्रम बीसको उन्नाइस पनि नहुनु ।<br>■ बाटोको दुवै साइडमा पातलो जङ्गल हुनु ।<br>■ ट्रेनमा पुलिस सँग बार्गेन गर्नु । | |
| | | ■ बिवाहका लागि दुईटा रिक्सामा तीनवटा मन्दिर डुलिसक्दा पनि पण्डित नपाउनु ।<br>■ बिराटनगर जानु छ भन्दै हाकिम सँग बिदाको कुरा गर्नु ।<br>■ नारायणगढमा छुट्टिने बेला निक्कै हृदयविदारक हुनु ।<br>■ दिल्ली एयरपोर्टमा उसित अन्तिम बिदाइ हुनु ।<br>■ सायाको बाबालाई भेट्न काठमाडौँ जानु ।<br>■ त्यत्तिको डर जीवनको कुनै परिक्षा, कुनै रिजल्टमा पनि नलाग्नु ।<br>■ सायाको बाबाले म यतिमात्र भन्न सक्छु, यो सम्भव छैन हाम्रोमा त्यस्तो चल्दैन भन्नु ।<br>■ उनीहरुको नजरमा म बाहुन हुनु नै सायद मेरो सबभन्दा ठूलो कमजोरी हुनु । | १४५-१८२ |

| | | | |
|---|---|---|---|
| | | ■ त्यतिबेला केही रिस सायाप्रति पनि उठ्नु ।<br>■ त्यत्रो टाढाबाट आएको मान्छेलाई उनीहरूले खानाको अफर गर्नसम्म पजि जरुरी नठान्नु ।<br>■ सायाको घरबाट फर्किदा म धरै निराश हुनु । | |
| | | ■ आफूलाई गरिएको व्यवहार आदिबारे सायालाई बताउनु ।<br>■ धनगढीको मान्छेलाई काठमाडौँ झिकाएर अपमान गर्ने बूढाको उद्देश्य हुनु ।<br>■ बाउको रिस छोरीमाथि पोखिरहेको थिएँ म । ऊ पनि आफ्नो पिताको रिस पोखेकोमा उत्तेजित हुनु ।<br>■ बिना निष्कर्ष नै फोन राखेर ऊसित बिदा हुनु ।<br>■ त्यसपछि निक्कै दिन सायासित सम्पर्क हुन नसक्नु ।<br>■ सुस्मिता सँग सहयोग माग्नु ।<br>■ मैले उसलाई दिव्याको नाउँबाट सायाको घरमा फोन हान्न लगाउनु र सायाको हालखबरबारे सोध्न लगाउनु ।<br>■ साया लन्डन गएको थाहा पाएर पनि मेरो मनको चिन्ता अझै नघट्नु ।<br>■ त्यो काठमाडौँबाट उसलाई फोन गरेर उसको बाउबारे पोखेको रिस नै मुख्य कारण हो कि भन्ने लाग्नु ।<br>■ सायासँग राम्ररी कुरा नहुनु ।<br>■ मेसेजमा 'तिमी बाबाले भनेको मान, अतीत अरु कोही खोज' भन्नु ।<br>■ 'एउटा अन्तिम गुन लगाउ साया, कारण बताउ' | |

| | | | |
|---|---|---|---|
| | | भन्नु । <br> ▪ कारण म केही दिन सक्दिनँ भन्नु । <br> ▪ कारण भनेर पनि के गर्छौ ? तिमी थप बहस गर्न खोज्लाऊ । मलाई कन्भिन्स गर्न खोज्लाऊ । सम्भव छैन त्यो भन्नु । <br> ▪ 'सक्तिनँ होला, साया तिमीलाई बिर्सिन' भन्नु । <br> ▪ आफूले चाहेको चीज नपाउँदा, आफ्नो अहङ्कारमा पुगेको चोटका कारण दुःखी हुनु । <br> ▪ साया तिमीलाई आजकाल सम्झीसम्झी बिर्सन खोजिरहेछु भन्नु । <br> ▪ सुस्मितासितको सामीप्यतामा क्षणिक रमाउनु । <br> ▪ सुस्मिता जुन रूपमा उपलब्ध भइदिई जुन सम्बन्ध ऊसँग भयो, भित्रभित्रै अपराधबोधले म पिल्सिरहे । <br> ▪ सायाको फोन सुस्मिताको मोबाइलमा आउनु । <br> ▪ के त्यस्तो विवशता छ ऊसँग जो मसित सेयर गर्न नमिल्नु । | |
| ३.अन्य उपशीर्षक | संघर्ष ह्रास | ▪ नर्वे जानको लागि पैसा जुटाउनु । <br> ▪ अफिसका सब स्टाफलाई हेर्दा म विरक्तिनु । <br> ▪ अफिसका स्टाफहरू मिलेर बिदाइ गर्नु । <br> ▪ सब भन्दा बढी सुस्मिताको अनुहार हेरेर विरक्तिनु । <br> ▪ उसलाई एकपल्ट गम्लङ्ग अँगालो हालेर रून मन लाग्नु । <br> ▪ धनगढीको यादले काठमाडौँसम्म लखेटनु । <br> ▪ सायालाई म आउनेबारे जानकारी दिनु । <br> ▪ ४ तारिखमा किरण, प्रतीक्षा, दिव्या र अनुलाई ट्रिट | २२१-२३६ |

| | | | |
|---|---|---|---|
| | | दिनु ।<br>▪ प्रतीक्षा र किरणको बिवहा मिस गर्ने भएको कुरा भन्नु ।<br>▪ अगस्ट ५ बिहानैदेखि घरको सम्झना आइरहनु ।<br>▪ गर्दिन भन्दाभन्दै घरमा फोन गर्न बाध्य हुनु ।<br>▪ मोबाइल नभएर पिसिओमाम गएर फोन हान्नु ।<br>▪ साझ एयरपोर्टमा बिदा गर्न चारैजाना साथी आउनु ।<br>▪ प्रतीक्षाले क्यामेरा ल्याउनु, एकछिन केही फोटो खिचौं है भन्नु ।<br>▪ केहीबेर फोटो खिचिसकेपछि छुट्ने बेला  हुनु ।<br>▪ घरपरिवार, अफिस साथीहरु सबलाई माया मारेर म विदेशिदै थिएँ । सोचे, के मेरो मनले खोजेको कुरा यही हो त ?<br>▪ सुरूमा ‘हो’ भन्ने कुरा मनभित्र प्रतिध्वनित हुनु ।<br>▪ कहाँ केदेखी भाग्दैछु, केका लागि भाग्दैछु भन्ने कुराले निकैबेर मलाई पिरोल्नु ।<br>▪ पहिलो चोटि जेट चढेको भए पनि म उत्साहित हुन नसक्नु ।<br>▪ चार घन्टा पैतीस मिनेटपछि अबुधाबी पुग्नु र त्याहाँबाट प्लेन चेन्ज गर्नु ।<br>▪ सिट अप्ठ्यारो परेकाले म रातैभरी निदाउन नसक्नु ।<br>▪ खाना खाएपछि मेरो होस्टेलको कोठाको चाबी लिनका लागि युनिभर्सिटी भएको ठाउँ ओसतिर जानु ।<br>▪ क्रिङ्गसोबाट हाम्रो युनिभर्सिटी जान पहिला तेबानबाट सेन्ट्रल स्टेसन जानु । | |

| | | | |
|---|---|---|---|
| | | ■ पहिलो दिनको क्लास सोर्हलिङ्गा भवनमा बिहानको १०: १५ मा हुनु तर त्यो भवन भेट्न गाह्रो हुनु ।<br>■ क्लासमा पुग्दा ओरियन्टेसनको पार्ट वान सकिसक्नु । | |
| | | ■ मेरा कयौँ रातमा ऊ पटकपटक विभिन्न किसिमका नमीठा सपना बनेर आई रहनु ।<br>■ ओस्लो पुगेको एक महिनासम्म केही काम नपाउनु ।<br>■ खाने पैसा पनि क्रमश : सकिदैं जान थाल्नु ।<br>■ हुँदाहुँदा दुई छाक खान पनि धौधौ पर्न थाल्नु ।<br>■ बलरुम भन्ने पार्टी प्यालेसमा रातको समयमा गिलास माभ्ने काम साह्रै गाह्रो हुनु ।<br>■ त्यहीँबाट ढाड दुख्ने रोग लाग्नु ।<br>■ तिमीलाई मनमा भएको एउटामात्र बोभ्क भन्न मन हुनु ।<br>■ तिमीसित बिवहा भएपछि तिमी यता नर्वे आउनु र म उता एक्लै हुनु ।<br>■ त्यही दिनहरूमा म सुस्मितासित नजिकिनु र ऊसित फिजिकल रिलेसनसिप हुनु ।<br>■ तर म आज तिमीलाई त्यो कुरा किन सुनाइरहेको छु थाहा नहुनु ।<br>■ त्यो बोभ्क मनमा लिएर हिँडिरहनु ।<br>■ तिमी त्यसलाई कुन रूपमा लिन्छ्यौ, त्यो तिम्रो खुसी रहुनु ।<br>■ अन्त्य रात पूरै छर्लङ्ग भने हुन नपाउनु ।<br>■ कथा सुन्दै गर्दा ऊ सँगसँगै बीचबीचमा म पनि रूनु । | २३८-२५५ |

| | | | |
|---|---|---|---|
| | | ■ हरेक पन्ध्र मिनेटमा एकएक वटा चुरोट पनि सल्कनु ।<br>■ म उसको कथामा यसरी बगूँला भन्ने मलाई नलाग्नु ।<br>■ उसले डेकमा छँदा गोजीमा लुकाएको त्यो रूमाल झिकेर मलाई देखाउदै भन्नु, 'सायाले बिछोडिने बेलामा दिएको रूमाल, जुन त्यो दिन जल्नबाट बच्नु ।<br>■ छुट्ने बेला सायालाई भेट्न मन लागेको कुरा अतीतलाई भन्नु ।<br>■ उसले मलाई सायाको ठेगाना दिनु ।<br>■ कथा एकतर्फी मात्र होला भन्ने भयले मलाई सायासित भेट्न मन हुनु ।<br>■ सायामा आएको परिवर्तनबारे अतीत मसित पूरै नखुल्नु ।<br>■ त्यसैले कथाको अन्त्यबारे म आफैँ अन्योलमा पर्नु ।<br>■ त्यसका लागि पनि एकपल्ट सायालाई भेट्ने इच्छा तीव्र भएर आउनु ।<br>■ उसका पनि कुरा सुनेर दुवै पात्रलाई न्याय गरुला भन्नु ।<br>■ दुई जनालाई मिलाउन सके भने एउटा पुण्यको काम मबाट हुनेथियो भन्नु ।<br>■ अतीतले दिएको ठेगाना पछयाउँदै जादा पत्तो लाग्नु कि ऊ थेसिसको सिलसिलामा काठमाडौँ जानु ।<br>■ सायालाई भेट्ने रहर अपुरै रहनु, कथाको अन्त्यजस्तै | |

| | | | |
|---|---|---|---|
| | | ▪ म कुरिरहेछु, कुनै दिन सायालाई भेटूँला र यो उपन्यास उसको हातमा थमाउँला, पढिसकेछि कसो उसको मन नपग्लेला । | |

माथिको तालिका र त्यसको विश्लेषणबाट **'समर लभ'** उपन्यासको कथानकबारे निम्नलिखित बुँदाहरू निष्कर्षका रूपम प्राप्त हुन्छन् :

१. 'समर लभ' उपन्यासको कथानक फेटागको सूचीस्तम्भ अनुसार विकसित भएको छ । यसको कथानक संरचनामा कथानक विकासमा पाँच अवस्थाहरू (चिनारी, संघर्षविकास, चरम, संघर्षह्रास र उपसंहार) क्रमबद्ध रूपमा रहेका छन् ।

२. यसको कथानकको विकास सूचीस्तम्भात्मक भएकाले कथानकको क्रमिकता छ ।

**४.३ पात्र/ चरित्र**

**४.३.१ परिचय :-**

चरित्रलाई उपन्यासको महत्वपूर्ण तत्व मानिन्छ । चरित्रकै कारण कथानक अगाडी बढ्छ । त्यसैले आख्यानात्मक कृतिमा चरित्रको महत्वपूर्ण स्थान हुन्छ । यिनै चरित्रका क्रियाकलापले गर्दा उपन्यासले गति प्राप्त गर्दछ । उपन्यासमा मानवीय, मानवेतर र जड वस्तुसमेत पात्रका रुपमा आउने गर्दछन् ।

**४.३.२ 'समर लभ' उपन्यासका पात्रहरुको शैलीवैज्ञानिक अध्ययन :-**

आधुनिक नेपाली उपन्यासकार सुविन भट्टराईद्वारा लिखित 'समर लभ' बहुपात्रीय उपन्यास हो । यसमा मानवीय र मानवेत्तर दुवै पात्रको प्रयोग पाइन्छ । अहिलेका युवायुतीबीचको प्रेममा आइपर्ने बाधाअड्चन र जिन्दगीमा हरेस नखाइ अघि बढ्ने प्रेरणलाई कलात्मक रुपमा चित्रण गरिएको छ । यस उपन्यासका घटना तथा पात्रहरू काल्पनिक रहेका छन् ।

प्रस्तुत 'समर लभ' उपन्यासमा साया, अतीत, किरण, प्रोफेसर डाक्टर रमाकान्त यादव, भग्वानदास मास्के, म्याडम प्रतीक्षा, दिव्या जोशी, अनु पराजुली, प्रोफेसर सिडिइएस विनोद, अमित, सन्तोष, प्रो.तिमल्सिना, चिया बेच्ने दिदी, उमेश दाई, सुमन, गौतम प्रकाश, पानीपुरी बेच्ने दाई,

सायाको भाइ, होटलवाला दाई, मधुसुधन जोशी, बलबहादुर, मरला, केली, रामप्रित, उपेन्द्र, सुस्मिता, बलबहादुर, नेत्र, आशुतोष दाई, सलिना, निखिलेश, दयामान शाक्य आदि पात्रको प्रयोग भएका छन् ।

यी सबै पात्रहरुले आ-आफ्नो स्थानमा रही महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । तर यस उपन्यासको कथानकीय भूमिकामा महत्वपूर्ण योगदान दिने प्रमुख र केही सहायक पात्रहरूको लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा विश्लेषण गरिएको छ ।

**तालिका नं. २ :**

**'समर लभ' उपन्यासका पात्रहरुको वर्गीकरण**

| क्र.स | पात्रहरु | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | प्र. | स. | गौ | अ. | प्र. | ग. | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १. | अतीत | + | | + | | | + | | + | | + | | | + | + | |
| २. | साया | | + | + | | | + | | + | | + | | | + | + | |
| ३. | किरण | + | | | + | | + | | + | | + | | | + | + | |
| ४. | प्रतीक्षा | | + | | + | | + | | + | | + | | | + | + | |
| ५. | दिव्या | | + | | + | | + | | + | | + | | | + | + | |
| ६. | अनु | | + | | + | | + | | + | | + | | | + | + | |
| ७. | सुस्मिता | | + | | + | | + | | + | | | | | | | |

१. अतीत

**(क) पुरुष पात्र**

**'समर लभ'** उपन्यासका पात्रहरु मध्ये अतीत लिङ्गका आधारमा पुरुषपात्र हो ।

**(ख) प्रमुख पात्र**

प्रस्तुत उपन्यासमा सबै भन्दा प्रमुख एवम् मुख्य व्यक्ति अतीत हो । उपन्यासको सुरूदेखी अन्त्यसम्म नै प्रत्यक्ष भूमिकामा देखापरेको अतीतकै सेरोफेरोमा रहेर उपन्यास टुङ्गिएको छ । त्यसैले कार्यका आधारमा ऊ प्रमुख पात्र हो ।

**(ग) अनुकूल पात्र**

उपन्यासको आरम्भदेखि नै ऊ अनुकूल पात्रको रुपमा चिनिन्छ । सायाले छाडेपछि पनि ऊ हरेस नखाइकन आफ्नो मायामा विश्वस राखेर नर्वे नै पुगेको आधारमा अनुकूल पात्र हो भन्न सकिन्छ ।

**(घ) गतिशील पात्र**

जिन्दगीमा जस्तो सुकै अप्ठ्यारो परिस्थितिमा पनि हरेस नखाइ अगाडि बढेको थियो । त्यसैले ऊ स्वभावका आधारमा गतिशील पात्र हो ।

**(ङ) वर्गगत पात्र**

जीवनचेतनाका आधारमा अतीत सोझो, शिक्षित, प्रेमी पुरुषको प्रतिनिधित्व गरेको हुनाले उनी वर्गगत पात्र हुन् ।

**(च) मञ्चयी पात्र**

उपन्यासमा प्रस्तुत भएको अतीत कथानकलाई अगाडि बढाउन अह्म भूमिका भएका कारण आसन्नताका आधारमा ऊ मञ्चीय पात्र हो ।

**(छ) बद्ध पात्र**

उपन्यासको कथावस्तु अतीतकै सेरोफेरोमा सुरु भई अन्त्य पनि भएको छ । त्यसैले आबद्धताका आधारमा ऊ बद्ध पात्र हो ।

**२. साया**

**(क) स्त्रीपात्र**

'समर लभ' उपन्यासका पात्रहरु मध्ये साया लिङ्गका आधारमा स्त्रीपात्र हो ।

**(ख) प्रमुख पात्र**

प्रस्तुत उपन्यासमा सबै भन्दा प्रमुख एवम् मुख्य पात्र साया हो । उपन्यासको सुरूदेखी अन्त्यसम्म नै प्रत्यक्ष भूमिकामा देखापरेको सायाकै सेरोफेरोमा रहेर उपन्यास टुङ्गिएको छ । त्यसैले कार्यका आधारमा ऊ प्रमुख पात्र हो ।

**(ग) अनुकूल पात्र**

उपन्यासकी प्रमुख पात्रका रुपमा रहेकी साया सहनशील एवम् कर्मठ नारी पात्रको रुपमा रहेकी छिन् । कुनै खराब कार्य नगरेकी हुँदा प्रवृत्तिका आधारमा उनी अनुकूल पात्र हुन् ।

**(घ) गतिशील पात्र**

उपन्यासको सुरुदेखि अन्त्यसम्म मेहनती, मायालु, जेहेनदार छात्राको रूपमा देखिन्छ । एक उद्धार स्वभावको व्यक्तित्वको भूमिकामा देखा परेकी छिन् । त्यसैले स्वभावका आधारमा गतिशील पात्र हुन् ।

**(ङ) वर्गगत पात्र**

जीवनचेतनाका आधारमा साया तीक्ष्ण बुद्धि, निश्छल, सहयोगी पात्रको प्रतिनिधित्व गरेकी हुनाले उनी वर्गगत पात्र हुन् ।

**(च) मञ्चीय पात्र**

उपन्यासमा सुरुदेखि अन्त्यसम्म प्रत्यक्ष भूमिकामा रहेकी हुँदा उसलाई आसन्नताका आधारमा मञ्चीय पात्र हुन् ।

**(छ) बद्ध पात्र**

सायाको उपस्थिति यस उपन्यासमा निकै महत्वपूर्ण रहेको छ । उसलाई उपन्यासबाट हटाउँदा उपन्यासको पूर्णता पाउन सक्दैन । त्यसैले उनी आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

### ३. किरण

**(क) पुरुष पात्र**

अतीतको कलेजको साथी भएका कारण उनी लिङ्गका आधारमा पुरुष पात्र हुन् ।

**(ख) सहायक पात्र**

कार्यका आधारमा सहायक पात्र हुन् । अत्यन्त सहयोगी उपन्यासमा महत्वपूर्ण भूमिकामा देखा परेका छन् ।

**(ग) अनुकूल पात्र**

अतीतलाई सुरुदेखि अन्त्य सम्म जस्तो सम्म जस्तो सुकै अवस्थामा पनि सहयोग गर्ने भएकाले उनलाई प्रवृत्तिका आधारमा अनुकूल पात्र हुन् ।

**(घ) गतिशील पात्र**

किरण यस उपन्यासमा स्वभावका आधारमा गतिशील पात्र हुन् ।

**(ङ) वर्गगत पात्र**

किरण जीवनचेतनाका आधारमा वर्गगत पात्र हुन् । किनभने पुरुष वर्गको प्रतिनिधित्व गरेका छन् । साथीभाईलाई जस्तोसुकै अवस्थामा पनि सहयोग गर्न अगाडी बढेका छन् ।

**(च) मञ्चीय पात्र**

उपन्यासमा महत्वपूर्ण भमिकाका साथमा प्रत्यक्ष रूपमा प्रस्तुत भएकाले उनलाई आसन्नताका आधारमा मञ्चीय पात्रका रूपमा चिन्न सकिन्छ ।

**(छ) बद्ध पात्र**

उपन्यासमा किरणको महत्वपूर्ण भूमिका भए पनि उपन्यासमा सुरूदेखि बीचसम्म आएकाले आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

**४. प्रतीक्षा**

**(क) स्त्री पात्र**

सायाकी कलेजको साथी र 'समर लभ' उपन्यासकी स्त्री पात्र हुन् प्रतीक्षा ।

**(ख) सहायक पात्र**

कार्यका आाधारमा सहायक पात्र हुन् । अत्यन्त सहयोगी, मिलनसार उपन्यासमा महत्वपूर्ण भूमिकामा देखा परेकि छन् ।

**(ग) अनुकूल पात्र**

साया र अतीतलाई जुनसुकै समयमा पनि साथ दिने असल मित्रका रूपमा उपस्थित भएकाले उनलाई प्रवृत्तिका आधारमा अनुकूल पात्र हुन् ।

**(घ) गतिशील पात्र**

प्रतीक्षा यस उपन्यासमा स्वभावका आधारमा गतिशील पात्र हुन् ।

**(ङ) वर्गगत पात्र**

प्रतीक्षा जीवनचेतनाका आधारमा वर्गगत पात्र हुन् । उपन्यासमा प्रतीक्षाले नारी जातिकै प्रतिनिधित्व गरेकी छिन् ।

**(च) मञ्चीय पात्र**

उपन्यासमा प्रस्तुत भएकी प्रतीक्षा कथानकलाई अगाडि बढाउन अहम् भूमिका भएका कारण आसन्नताका आधारमा उनी मञ्चीय पात्र हुन् ।

**(छ) बद्ध पात्र**

आबद्धताका आधारमा यस उपन्यासकी सहायक पात्र प्रतीक्षा बद्ध पात्र हुन् ।

**५. दिव्या**

**(क) स्त्री पात्र**

'समर लभ' उपन्यासका पात्रहरु मध्ये दिव्या लिङ्गका आधारमा स्त्री पात्र हो ।

**(ख) सहायक पात्र**

कार्यका आधारमा सहायक पात्र हुन् । सहयोगी, मिलनसार उपन्यासमा महत्वपूर्ण भूमिकामा देखा परेकि छन् ।

**(ग) अनुकूल पात्र**

साथिभाईलाई परेको समयमा साथ नछोड्ने मित्रका रूपमा उपस्थित भएकाले उनलाई प्रवृत्तिका आधारमा अनुकूल पात्र हुन् ।

**(घ) गतिशील पात्र**

दिव्या यस उपन्यासमा स्वभावका आधारमा गतिशील पात्र हुन् ।

**(ङ) वर्गगत पात्र**

उपन्यासमा दिव्याले नारीजातिकै प्रतिनिधित्व गरेकी छिन् । दिव्या जीवनचेतनाका आधारमा वर्गगत पात्र हुन् ।

**(च) मञ्चीय पात्र**

उपन्यासमा प्रस्तुत भएकी दिव्या कथानकलाई अगाडी बढाउन महत्वपूर्ण भूमिकामा भएका कारण आसन्नताका आधारमा मञ्चीय पात्र हुन् ।

**(छ) बद्ध पात्र**

आबद्धताका आधारमा यस उपन्यासकी सहायक पात्र दिव्या बद्ध पात्र हुन् ।

**६. अनु**

**(क) स्त्री पात्र**

साया र अतीतको साथी अनु लिङ्गका आधारमा स्त्री पात्र हो ।

**(ख) सहायक पात्र**

मिलनसार, सहयोगी उपन्यासमा महत्वपूर्ण भूमिकामा देखापरेकि कार्यका आधारमा सहायक पात्र हुन् ।

**(ग) अनुकूल पात्र**

साथिभाइलाई साथ दिने मिलनसार साथिका रूपमा उपस्थित भएकाले उनलाई प्रवृत्तिका आधारमा अनुकूल पात्र हुन् ।

**(घ) गतिशील पात्र**

अनु यस उपन्यासमा स्वभावका आधारमा गतिशील पात्र हुन् ।

**(ङ) वर्गगत पात्र**

अनु जीवनचेतनाका आधारमा वर्गगत पात्र हुन् । अनुले नारीजातिकै प्रतिनिधित्व गरेकी छिन् ।

**(च) मञ्चीय पात्र**

उपन्यासमा प्रस्तुत भएकी अनु कथानकलाई अगाडी बढाउन महत्वपूर्ण भूमिकामा भएका कारण आसन्नताका आधारमा मञ्चीय पात्र हुन् ।

**(छ) बद्ध पात्र**

आबद्धताका आधारमा यस उपन्यासकी सहायक पात्र अनु बद्ध पात्र हुन् ।

### ४.३.३ चयनका आधारमा 'समर लभ' उपन्यासको विश्लेषण

#### ४.३.३.१. शब्दचयनका आधारमा 'समर लभ' उपन्यास

भषाको न्यूनतम सार्थक एकाइ शब्द हो । यसले भाषिक अभिव्यक्तिमा महत्वपूर्ण भूमिका खेल्दछ । श्रष्ठा सर्जकले आफ्नो साहित्यिक रचनालाई उपयुक्त प्रभावकारी आकर्षक साथै अर्थपूर्ण बनाउनका लागि भाषामा पाइने विविध शब्दहरू मध्ये सान्दर्भिक एवम् उपयुक्त शब्द छनोट गर्दछन् । यही कार्यले गर्दा काव्य कृति रोचक र प्रभावकारी बन्दछ । यस अध्ययनमा 'समर लभ' उपन्यासमा उपन्यासकार सुबिन भट्टराईले गरेको शब्द चयन अन्तर्गत निम्न पक्षमा केन्द्रित भई विश्लेषण गरिएको छ :

**(क) तत्सम शब्द चयन**

संस्कृत स्रोतबाट जस्ताको तस्तै अर्थात् रूप नफेरिकन नेपालीमा आएका शब्दलाई तत्सम शब्दको सार्थक प्रयोग भएको पाइन्छ । जस्लाई निम्न उदाहरणबाट पुष्टि गर्न सकिन्छ :

(क) पूरै हलका भयो शरीर । (पृ. ९७)

(ख) उसको परिचय पाइसकेपछि मैले पनि आफ्नो पूर्ण परिचय दिएँ । (पृ. ११)

(ग) कति मूर्ख म । (पृ. १९)

(घ) उसलाई काठमाडौं पुग्ने वातावरण मिलाइदिनु । (पृ. १६५)

(ङ) नारायणगढमा छुट्टिने बेला दृश्य निक्कै हृदयविदारक थियो । (पृ. १६८)

(च) ऊ मौन बसी । (पृ. २१५)

**(ख) तत्भव शब्दको चयन**

संस्कृत भाषबाट रूप फेरिएर नेपाली भाषामा आएका शब्दलाई तद्भव शब्द प्रयोग भएका तथ्यलाई निम्न उदाहरणले स्पष्ट पार्दछ :

(क) उसले आफ्नो आँखाको भावभङ्गी दोहोऱ्याई । (पृ. ७५)

(ख) साँझ झमक्क भइसकेको थियो । (पृ. १०)

(ग) मेरो नाउँ अतीत शर्मा, घर बिराटनगर मोरङ् । (पृ. ११)

(घ) ओठमा गाढा खैरो लिपिस्टिक पोतेकी थिई । (पृ. ११५)

(ङ) पहिलोपल्ट सायाकै निमन्त्रणामा गएको थिएँ । (पृ. ११४)

**(ग) आगन्तुक शब्दचयन**

अन्य विभिन्न भाषाबाट नेपाली भाषामा आएका शब्दहरुलाई आगन्तुक शब्द भनिन्छ । ‘समर लभ’ उपन्यासमा प्रयोग भएका आगन्तुक शब्दहरूका केही उदाहरणहरू निम्नानुसार पाइन्छन् :

(क) अतीत शर्माको कथा कुन क्याटगोरीको हो । (पृ. ११)

(ख) ओरियन्टेसन क्लास सुरु हुने बेला भयो । (पृ. १५)

(ग) अनि भ्याप्प अफलाइन भइदिइ । (पृ. २२२)

(घ) बिवहाका फोटोहरु एकएक हेरे । (पृ. १९९)

(ङ) ‘हिप्पो वेड्स किरण’, मै भने । (पृ. २२९)

(च) पहिलो स्नोफलमा बाहिर निस्केर हिउँ खेलाएँ । (पृ. २४९)

**(घ) झर्रा तथा अनुकरणात्मक शब्द चयन**

अन्य स्रोतबाट नआई नेपाली भाषामा आफै उत्पन्नभएका तथा नेपाली परिवेशसँग मेल खाने र निश्चित अर्थ दिन सक्ने सामर्थ्य भएका शब्दहरूलाई झर्रा शब्द भनिन्छ । कुनै आवाज, घटना, प्रकृतिक रूपबाट उत्पन्न ध्वनिलाई नक्कल गरी शब्दमा उतारिएको भाषिक तहलाई अनुकरणात्मक शब्द भन्निछ

'समर लभ' उपन्यासमा झर्रा तथा अनुकरणात्मक शब्दहरुको प्रशस्त प्रयोग गरिएको छ । जसलाई निम्नानुसार देखाइएको छ :

(क) एक कप कफी खानलाई त मन कटक्क गर्छ । (पृ. १३)

(ख) उनीहरु मुसुमुसु हाँसीमात्र रहे । (पृ. २८)

(ग) हिँड्यो बस कच्ची बाटोमा पिर्लिक्क- पिर्लिक्क कोक्रोजस्तो हल्लिदै । (पृ. ८१)

(घ) लोकल ठर्रा त झन् ठ्याप्पै मन नपर्ने आफूलाई । (पृ. १११)

(ङ) झल्झली सम्झिन लागे पुराना दिनहरू । (पृ. १९१)

(च) एकाएक मभित्र केही भुलुक्क उम्लेजस्तो भयो । (पृ. २११)

**४.३.३.२ कार्यका आधारमा शब्द चयन**

**(क) नामको चयन**

वस्तु, व्यक्ति, ठाउँ, पदार्थ, भाव आदिलाई जनाउन प्रयोग गरिने शब्दलाई नाम भनिन्छ । प्रस्तुत 'समर लभ' उपन्यासमा प्रयुक्त केही नामपदका उदाहण निम्नानुनासर छन् :

(अ) रोक्न खोज्दाखोज्दै पनि हाँसो फुत्किहाल्यो । (पृ. २३)

(आ) नेपाल बैंक पुग्ने- पुग्ने बेला मैले उसलाई चिया अफर गरे । (पृ. ५७)

(इ) साया लाज मानेर हाँसिमात्र । (पृ. १०३)

(ई) एक बोतल पानी खन्याइदिसकेपछि त्यसको कलर अलिक फिक्का भयो । (पृ. १०६)

(उ) कलब्याक गर्न खोज्दा मोबाइल स्विच अफ । (पृ. १२७)

(ऊ) प्रहरीहरु धेरै महँगा भएछन् । (पृ. १४३)

माथि रेखाङ्कन गरिएका शब्दहरू नाम शब्द हुन् । त्यस्ता विभिन्न नाम शब्दको समुचित प्रयोगले उपन्यासको कथानक सरल र प्रभावकारी बन्न पुगेको छ ।

**(ख) सर्वनाम चयन**

नाम, पदावली वा वाक्यको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ। 'समर लभ' उपन्यासमा प्रयोग भएका सर्वनाम पदहरूका केही उदाहरण निम्नानुसार देखाइएको छ :

(अ) मलाई भने लाज लागिरहेको थियो । (पृ. ४२)

(आ) ऊ हाँसी, मलाई त्यो हाँसो मन पऱ्यो । (पृ. ७८)

(इ) मैले तिम्रो बाटो छेके भने ? (पृ. ९५)

(ई) यो त हिन्दी शब्द होइन र ? (पृ. १११)

(उ) उनीहरू आए । गए । पत्तो पाएनन् । (पृ. १४२)

(ऊ) तिमी दुःखी त छैनौ भनेर मैले सोधेको थिएँ । (पृ. २२७)

माथि रेखाङ्कन गरिएका सर्वनाम पदहरूले 'समर लभ' उपन्यासका नामपदहरू दोहोरिएर आउने श्रद्धापनलाई हटाएर भाषिक मधुरता र आकर्षण थप्ने काम गरेको देखिन्छ ।

**(ग) विशेषणको चयन**

नामको गुण, दोष, मात्रा, अवस्था आदि विशेषता बुझाउने शब्दलाई विशेषज्ञ भनिन्छ । 'समर लभ' उपन्यासमा प्रयोग भएका केही विशेषण शब्दको उदाहरणहरू निम्नानुसार छन् :

(अ) करिब पन्ध्र मिनेट कुरिसकेपछि ते-बान आयो । (पृ. २५०)

(आ) उसले निकै उत्साहपूर्वक मेरो यात्रा विवरण सुनिरही । (पृ. १४७)

(इ) ऊ राम्री लाग्न थालेकी थिई, आत्मीय लाग्न थालेकी थिई । (पृ. १२४)

(ई) कहिलेकाही खाना पकाउन अल्छी लाग्नसाथ 'मामा-माइजू' भन्दै जान्थेँ । (पृ. १०१)

(उ) ओठमा हलुका गुलाबी रङको लिपस्टिक लगाएकी थिई । (पृ. ३९)

(ऊ) घाम लोभी हुने दिन । (पृ. १४)

**(घ) क्रियापदको चयन**

वाक्यमा कर्ताले गरेको कुनै काम वा कार्यव्यापार घटना वा अवस्था आदिलाई बुझाउने शब्दलाई क्रियापद भनिन्छ। प्रस्तुत 'समर लभ' उपन्यासमा प्रयुक्त केही क्रियापदहरूको उदाहरण निम्नानुसार छन् :

(अ) प्रेम सबल गर्छन । (पृ. १९६)

(आ) त्यसदिन साँझ सेलिब्रेसन भयो । (पृ. १६१)

(इ) 'तिमी ?' उल्टै प्रतिप्रश्न गरेँ । (पृ. १३१)

(ई) ऊ मेरो कोठामा कहिल्यै आउँदैन । (पृ. ९९)

(उ) 'रिस अझै शान्त भा छैन ?' । (पृ. ७५)

(ऊ) अर्की पनि घटे कति राम्रो हुन्थ्यो । (पृ. ४१)

**(ङ) क्रियाविशेषणको चयन**

क्रियाका गुण, परिमाण, रीति आदि विशेषण जनाउन आउने शब्दलाई क्रियाविशेषण भनिन्छ । 'समर लभ' उपन्यासमा प्रयुक्त केही क्रियाविशेषण भनिन्छ । 'समर लभ' उपन्यासमा प्रयुक्त केही क्रियाविशेषणहरूको उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ :

(अ) आफै भित्र खुलदुली उब्जियो । (पृ. ५४)

(आ) आत्तिँदैआत्तिँदै सायाले टिसर्ट लगाई । (पृ. ९८)

(इ) एकदिन खेल्दाखेल्दै जिस्किन मन लाग्यो । (पृ. ११२)

(ई) सधैँझैँ पहिला मेरो नाउँले बोलाई । (पृ. १३५)

(उ) त्यही बेलुकी पार्टी दिने विचार गरे । (पृ. १७०)

(ऊ) उसले फुरुक्क पर्दै भनी, यो दसैँको लुगा । (पृ. २०५)

**(च) नामयोगीको चयन**

नामिक पद (नाम, सर्वनाम, विशेषण) सँग जोडिई आउने र आफ्नो स्वतन्त्र अर्थ पनि नहुने एवम् एकल रूपमा प्रयोगमा नआउने अव्यय पदलाई नामयोगी भनिन्छ । यस उपन्यासमा प्रयोग भएका केही नामिक पदका उदाहरणहरू निम्नानुसार छन् :

(अ) एउटा क्लास सकिएपछि अर्को सुरु हुनेबेला एकछिन ग्यापजस्तो हुन्थ्यो । (पृ. १८)

(आ) बूढासँग मलाई त्यसबेला रिस नउठेको होइन । (पृ. २०)

(इ) हामीभन्दा ठ्याक्कै दुई बेन्च अगाडि । (पृ. २२)

(ई) भोलिबाट विचार गर्न । (पृ. २९)

(उ) त्यो बेला मभित्र पनि भदौरे भेल गड्गडाइरहेको थियो । (पृ. १२६)

**(छ) निपातको चयन**

आफ्नो स्वतन्त्र अर्थ नभएका तर वाक्यमा प्रयुक्त भई भनाइमा जोड दिने, अर्थमा मिठास ल्याउने अव्यय शब्दलाई निपात भनिन्छ । प्रस्तुत 'समर लभ' उपन्यासमा प्रयुक्त केही निपात शब्दका उदाहरण निम्नानुसार छन् :

(अ) कोठा नपाउन्जेल तिमी म कहाँ नै बस्न सक्छौ । (पृ. १२८)

(आ) आखिर हामी एउटै कथाका दुई पात्र न हौ । (पृ. १२९)

(इ) अनि के नि । (पृ. १३४)

(ई) अनि बाबा आमालाई थाहा दियौ त ? (पृ. १३६)

(उ) एकछिन त उभिएँ । (पृ. १४२)

(ऊ) चेकिङ आदि केही होलाझैँ लाग्यो । (पृ. १३८)

**(ज) संयोजक शब्दको चयन**

शब्द, पदावली, वाक्यांश वा वाक्यलाई जोड्ने अव्यय पदलाई संयोजक भनिन्छ । प्रस्तुत 'समर लभ' उपन्यासमा प्रयुक्त केही संयोजकका उदाहरणहरू निम्नानुसार छन् :

अ) कन्डक्टरलाई 'धन्यवाद' भनेर त्याहाँ अरु कसैलाई थाहा छ कि भनेर सोध्न हिँडे । (पृ.१३९)

(आ) तैपनि बलजफ्ती दुई पिस रोटी र तरकारी खाएँ । (पृ. १३७)

(इ) तर स्टेसन अत्यन्तै फोहोर । (पृ. १४१)

(ई) जे होस् कुदेरै भए पनि पुग्ने अठोट लिएँ । (पृ.१४०)

(उ) कत्तिखेर सायालाई भेट्नु र यी सब सुनाउनुभैं लागिरह्यो । (पृ. १४४)

(ऊ) एकपल्ट हिम्मत गरेर फोन गरे र सबै कुरा भने । (पृ. १४८)

**(झ) विस्मयादिबोधक पदको चयन**

विभिन्न अवस्था, घटना वा परिवेश अनुसार मानव मनमा उत्पन्न हुने हर्ष, विस्मात्, दुःख आदि प्रकट गर्न प्रयोग गरिने अव्यय पदलाई विस्मयादिबोधक भनिन्छ । प्रस्तुत 'समर लभ' उपन्यासमा प्रयुक्त केही विस्मयादिबोधक शब्दहरूको उदाहरणहरू निम्नासार छन् :

(अ) 'धत् !' उसले भनी, 'मर्नु छ र मलाई ?' (पृ. ५१)

**(ञ) उखानटुक्काको प्रयोग**

लोकजीवनमा चलेका सारपूर्ण कथन वा उक्तिलाई उखान भनिन्छ । उखानलाई उपदेश वा शिक्षाका रूपमा सूत्रबद्ध भएर प्रचलित लोकका गहकिला उक्तिका रूपमा पनि परिभाषिक गरिएको पाइन्छ । यस 'समर लभ' उपन्यासमा प्रयोग भएका केही उखानटुक्काका उदाहरणहरू निम्नानुसार छन्:

(अ) यस उपन्यासमा उखानटुक्काको प्रयोग पाइएको छैन ।

### ४.३.३.३ विचलनका आधारमा 'समर लभ' उपन्यासको विश्लेषण

सामान्य भाषामा प्रयुक्त हुने सामान्य भाषिक नियमको अतिक्रमण अर्थात् मानवेतर प्रयोगलाई विचलन भनिन्छ (शर्मा, २०४८ : २७) । भाषाको प्रचलित ढाँचालाई अतिक्रमण गरी सौन्दर्य प्रदान गर्नु नै विचलन हो ।

'समर लभ' उपन्यासमा प्राप्त केही विचलनहरू निम्नलिखित किसिमका छन् :

**(क) व्याकरणिक विचलन**

लिङ्ग, वचन, पुरुष, पदक्रम आदिमा देखिने विचलनलाई व्याकरणिक विचलन भनिन्छ । 'समर लभ' उपन्यासमा रहेका व्याकरणिक विचलनका केही उदाहरणहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः

(क) हामीलाई भन्नुस् न सर ? **(पृ. १४९)**

**(ख) ध्वनिप्रक्रियात्मक विचलन**

प्रत्येक भाषाको आ-आफ्नो ध्वन्यात्मक प्रक्रिया रहेको पाइन्छ । भाषिक उच्चारणका क्रममा देखापर्ने विचलनलाई ध्वनिप्रक्रियात्मक विचलन भनिन्छ । प्रस्तुत 'समर लभ' उपन्यासमा पनि मानक रूपमा भन्दा भिन्न विचलनयुक्त ध्वनिहरूको प्रयोग पर्याप्त मात्रामा पाइन्छ भन्ने तथा निम्न उदाहरणबाट पुष्टि हुन्छ :

(क) फेसबुक किन डिएक्टिभेट ? अनि मोबाइल के भो ? (पृ. २११)

### ४.४ छलफल/व्याख्या

'समर लभ' उपन्यासको कथानक आदि, मध्य र अन्त्यको शृङ्खला मिलेका कारण फ्रेटागको पिरामिडका आधारमा विश्लेषण गरिएको छ । तसर्थ उपन्यासको कथावस्तु रैखिक ढाँचामा प्रस्तुत भएको छ । यस उपन्यासमा सङ्ख्यात्मक रूपमा पात्रहरू बढी भए तापनि कथानकलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने पात्रहरुको सङ्ख्या भने सीमित रहेको छ । यस उपन्यासमा प्रमुख पात्रका रूपमा अतीत र साया छन् भने सहायक पात्रका रूपमा किरण, प्रतीक्षा, दिव्या, अनु, सुस्मिता रहेका छन् । गौण पात्रको भूमिका यस उपन्यासमा कमै मात्रामा रहेको देखिन्छ ।

जीवनमा जतिसुकै उतारचढावहरुको सामना गर्न किन नपरोस् तर जीवनबाट हार्न हुन्न भन्ने पक्षलाई चित्रण गरिएको छ । प्रस्तुत उपन्यासमा तत्सम, तद्भव, आगन्तुक, झर्रा एवम् अनुकरणात्मक,

नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियाविशेषण, संयोजक, निपात एवम् विस्मयादिबोधक जस्ता शब्दहरूको चयनले भाषा सरल, सहज र उत्कृष्ट बन्न पुगेको छ । तुलनात्मक रूपमा तद्भव शब्दको प्रयोग बढी मात्रामा भएको पाइन्छ भने आगन्तुक शब्द अन्तर्गत पनि अङ्ग्रेजी भाषाका शब्द बढी मात्रामा प्रयोग भएको पाइन्छ । यस उपन्यासमा भाषिक विचलन बढी मात्रामा भएको पाइन्छ । त्यसैगरी आन्तरिक र बाह्य समानान्तरताको समुचित प्रयोगले गर्दा उपन्यासको भाषा सार्थक बन्न पुगेको छ ।

## अध्याय पाँच

## निष्कर्ष, सुझाव तथा उपयोगिता

### ५.१. सारांश

यस शोधपत्रमा नेपाली साहित्य जगतमा सुपरिचित उपन्यासकार सुबिन भट्टराईद्वारा लिखीत 'समर लभ' २०६७ उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षक रहेको छ ।

शैलीविज्ञन साहित्यिक समालोचनाको नवीनतम् विधा वा प्रकार हो । समालोचनाका फाँटमा यो नवीनतम विधा भाषावादी सिद्धान्त र पद्धतिका रूपमा देखा परेको छ । यसको व्युत्पत्ति 'शील' धातुमा 'ई' प्रत्यय लागेर निर्माण भएको शैली शब्दले ढङ्ग, ढाँचा, रीति, वृत्ति, मार्ग आदि अर्थलाई बुझाउँछ । त्यसैले शाब्दिक अर्थमा अभिव्यक्तिको तरिकालाई शैली भनिन्छ ।

विषयवस्तु, परिवेश, प्रयोजन, व्यक्ति आदि अनुकूलको भाषा वा भाव अभिव्यक्ति गर्ने ढाँचा वा पद्धति नै शैली हो । शैलीविज्ञान प्रायोगिक भाषाविज्ञानका शाखाहरूमध्ये एउटा महत्वपूर्ण शाखा हो । यसले भाषा र साहित्यसँग निकट रहेर अध्ययन गर्दछ। आधुनिक भाषाविज्ञानको जन्म भएपछि नै शैलीविज्ञानको जन्म भएको हो । यसले साहित्यिक कृतिको भाषिक सौन्दर्यको यथार्थ मूल्याङ्कन गर्दछ । कृति विश्लेषण र शाब्दिक संरचनालाई अध्ययनको केन्द्र बनाउनु मुख्य पहिचान हो ।

शैलीविज्ञानका सैद्धान्तिक आधारमा केन्द्रित भई मूलत : कथानकको विश्लेषण, कथानकको विकासक्रम फ्रेटागको पिरामिड अनुसार पाँचवटा आधारमा विभाजन गरी देखाइएको छ । पात्र तथा चरित्रको वर्गीकरण लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, आसन्नता, जीवनचेतना र आबद्धताका आधारमा प्रमुख तथा सहायक पात्रको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ ।

चर्चित उपन्यासकार सुबिन भट्टराईद्वारा रचित समर लभ उपन्यास २०६९ सालमा प्रकाशित भएको एक उत्कृष्ट कृति हो । उपन्यासको कथावस्तु अनुसार काठमाडौं त्रिचन्द्र कलेजमा भेट भएका अतीत र सायाको प्रेम कहानी साथै उनिहरुको अन्तरजातीय मायालाई लेखकले प्रस्तुत गर्ने जमर्को गरेका छन् । उनिहरूको माया जीवनमा भोग्नुपरेको कठिन परिस्थितिको सामना गर्दै अघि बढ्नुपर्ने जस्ता पक्षलाई समेत प्रस्तुत गरिएको छ । यस उपन्यासमा अन्तरजातिय प्रेम गर्नेहरूलाई समाजले हेर्ने दृष्टिकोणको यथार्थ चित्रण गरिएको छ ।

यसरी प्रस्तुत 'समर लभ' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने सन्दर्भमा यसको मुख्य अध्ययन क्षेत्र भाषिक चयन, विचलन र समानान्तरता जस्ता पक्ष पर्ने भएकाले यी उल्लिखित पक्षहरूको विश्लेषण गरिएको छ । यसमा कथानकको विश्लेषण गर्ने आधार शैलीवैज्ञानिक आधारमा पात्रहरुको वर्गीकरण गरी सोही बमोजिम विश्लेषण गरिएको छ । यस अन्तर्गत शैलीवैज्ञानिक अध्ययनका सैद्धान्तिक आधारहरूको उल्लेख गरिएको छ । यस अध्ययनमा प्रमुख विधिका रूपमा पुस्तकालयीय विधिको प्रयोग गरी वर्णनात्मक ढाँचामा व्याख्या गरिएको छ । यसमा प्राथमिक तथा द्वितीयक स्रोतको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ ।

## ५.२. निष्कर्ष

अनुसन्धानबाट नयाँ-नयाँ तथ्यहरु पत्ता लाग्ने भएका कारण यो निरन्तर रूपमा चलिरहने प्रक्रिया हो । प्रस्तुत अध्ययन **'समर लभ'** उपन्यासको शैलीवैज्ञानिक अध्ययनमा केन्द्रित रहेको छ । शैली भन्नाले भाषा वा भाव अभिव्यक्तिको तरिका भन्ने बुझिन्छ । प्रस्तुत उपन्यासको कथानकको विश्लेषण फ्रेटागको पिरामिडका आधारमा गरिएको छ भने पात्रहरूको शैलीवैज्ञानिक आधारमा विश्लेषण तथा वर्गीकरण गरिनुका साथै उपन्यासमा उपयोग गरिएको भाषाको चयन, विचलन र समानान्तरताका आधारमा विश्लेषण गरिएको छ । यस अध्ययनका निष्कर्षलाई बुदाँगत रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

- 'समर लभ' उपन्यासको बाह्रय संरचनालाई हेर्दा मझौला आकारमा संरचित देखिन्छ । २०६९ सालमा प्रकाशित नवीन उपन्यास २५७ पृष्ठमा संरचित छ ।
- 'समर लभ' उपन्यासमा प्रेममा आउन सक्ने बाधा तथा चुनौतीहरु सामना आफैंले गर्नुपर्ने र जीवनमा हार खानु हुन्न भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।
- 'समर लभ' उपन्यासको कथानक आदि, मध्य र अन्त्यको शृङ्खला मिलेका कारण फ्रेटागको पिरामिडका आधारमा विश्लेषण गरिएको छ । तसर्थ उपन्यासको कथावस्तु रैखिक ढाँचामा प्रस्तुत भएको छ ।
- यस उपन्यासमा सङ्ख्यात्मक रूपमा पात्रहरु बढी भए तापनि कथानकलाई अगाडि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने पात्रहरूको सङ्ख्या भने सीमित रहेको छ ।

- यस उपन्यासमा प्रमुख पात्रका रूपमा अतीत र साया छन् भने सहायक पात्रका रूपमा किरण, प्रतीक्षा, दिव्या, अनु र सुस्मिता रहेका छन् । गौण पात्रको भूमिका यस उपन्यासमा कमै मात्रामा रहेको देखिन्छ ।
- प्रस्तुत 'समर लभ' उपन्यासमा भाषिक चयनअन्तर्गत तत्सम्, तद्भव, आगन्तुक र अनुकरणात्मक शब्दहरुमध्ये तुलनात्मक रूपमा तत्सम् शब्दको बाहुल्यता बढी देखिन्छ ।
- तुलनात्मक रूपमा तद्भव शब्दको प्रयोग बढी मात्रामा भएको पाइन्छ भने आगन्तुक शब्द अन्तर्गत पनि अङ्ग्रेजी भाषाका शब्द बढी मात्रामा प्रयोग भएको पाइन्छ ।
- त्यसैगरी नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, निपात, संयोजक, विस्मयादिबोधक आदि शब्दहरुको समुचित विनयासले उपन्यासको भाषा आकर्षक र प्रभावकारी बन्न पुगेको देखिन्छ । तसर्थ यिनै आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गरिएको छ ।
- त्यसैगरी विचलनअन्तर्गत पनि व्याकरणिक ध्वनि प्रक्रियात्मक, भाषिक सादृश्यगत विचलन आदिका आधारमा 'समर लभ' उपन्यासको भाषिक विश्लेषण गरिएको छ ।

यसरी यस 'समर लभ' उपन्यास शैलीवैज्ञानिक आधारमा उत्कृष्ट रहेको छ ।

## ५.३. सुझाव

प्रस्तुत 'समर लभ' उपन्यासको शैलीवैज्ञानिक अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्नलिखित सुझावहरू बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

क) उपन्यासमा कथावस्तुको प्रस्तुतिगत ढाँचा एवम् शैली अझ क्रमबद्ध हुनुपर्ने,

ख) लेखकले कृतिमा अलङ्कारिक एवम् बिम्बप्रतीकयुक्त भाषाशैलीको सट्टा सरल,सहज किसिमको भाषाशैलीको प्रयोग गर्नुपर्ने,

ग) मानक नेपाली भाषाको प्रयोग गरी कृति लेख्नुपर्ने,

घ) पाठ्यक्रम निर्माताहरूले पनि औपन्यासिक कृतिलाई पाठ्यक्रममा समावेश गरी सहज रूपमा पठनपाठनको व्यवस्था मिलाउनुपर्ने,

ङ) कृति लेखक वर्गले समकालिन समाजको वास्तविकता एवम् सामाजिक, आर्थिक, सांस्कृतिक आदि पक्षको प्रतिबिम्ब उतार्नुपर्ने,

यी माथिका पक्षलाई ध्यान दिनुका साथै त्यसतर्फ सचेत रहेर कृति लेख्दा उचित हुने देखिन्छ ।

## ५.४ उपयोगिता

शैलीविज्ञानले भाषिक विशिष्टताको खोजी गर्छ । शैली विश्लेषणको अध्ययनले शिक्षक विद्यार्थीलाई साहित्यिक लेखन र अन्य लेखमा पाइने अन्तरबारे दृष्टिकोण प्राप्त हुन्छ । शैली विश्लेषणबाट पाठकवर्गहरूमा साहित्यिक र सिर्जनात्मक क्षमताको विकस गर्न भाषाको सौन्दर्य पक्ष पत्ता लगाउन र भाषिक सम्प्रेषणलाई परिपक्व बनाउन सहयोग गर्ने भएकाले पनि यसको उपयोगिता रहेको छ ।

शैलीवैज्ञानिक आधारमा 'समर लभ' उपन्यासको बारेमा जिज्ञासा राख्नेहरूका लागि र शैलीवैज्ञानिक अध्ययन गर्ने अनुसन्धानकर्ताका लागि उपयोगी हुनेछ ।

### ५.४.१ नीतिगत तह

कुनैपनि अध्ययन अनुसन्धान कार्यलाई सफल र प्रभावकारी बनाउन निश्चित नीति तथा नियमहरूको जानकारी हुन अति आवश्यक रहेको हुन्छ । यस नीति र नियमले गर्दा सही तरिकाले सही ठाउँमा आवश्यक सामग्री उपयुक्त तरिकाले प्रयोग गर्न सहयोग मिल्दछ । प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि यस 'समर लभ' उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । यस शैलीवैज्ञानीक सम्बन्धी नीतिगत उपयोगीतालाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

१) यस अध्ययनले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा महत्वपूर्ण सहयोग पुऱ्याउन सक्ने देखिन्छ ।

२) यस अध्ययनले शैली विश्लेषणसँग सम्वन्धित पाठ्यपुस्तक लेखनमा सहयोग गर्न सक्ने देखिन्छ ।

३) यस अध्ययनले शब्दकोश निर्माण कार्यमा पनि सहयोग पुऱ्याउने देखिन्छ ।

४) सहित्यिक कृति र शैलीविज्ञानसम्बन्धी निकटता थाहा पाउन पनि सहियोग गर्ने देखिन्छ ।

५) यस अध्ययनले भाषासम्बन्धी नीति निर्माण कार्यमा सहयोग गर्ने देखिन्छ ।

### ५.४.२ कार्यान्वयन तह

यस अनुसन्धानलाई निम्न तहमा कार्यान्यन गर्न सकिन्छ :

१. शैलीवैज्ञानिक अध्ययन शीर्षकमा अध्ययन गर्ने अनुसन्धानकर्ताका लागि अनुसन्धानबाट प्राप्त निष्कर्ष प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिन्छि ।

२. शैलीवैज्ञानिक आधारमा कृतिमा समावेश पात्रहरूको वर्गीकरण गर्न सकिन्छ ।

३. शिक्षक विद्यार्थीको पठन, लेखन, तार्किक आदि भाषिक क्षमताको अभिवृद्धि गर्न यस अनुसन्धानको निष्कर्षले आत्मसात् गर्न सकिन्छ आदि ।

### ५.४.३ आगामी अनुसन्धानका लागि शीर्षकहरू

भविष्यका दिनहरूमा यस 'समर लभ' उपनयासमा केन्द्रित भएर निम्न शीर्षकहरूमा अध्ययन गर्न सकिन्छ :

- 'समर लभ' उपन्यासमा प्रयोग भएका चिन्हरूको अध्ययन,
- 'समर लभ' उपन्यासमा तत्सम शब्दको अध्ययन,
- 'समर लभ' उपन्यासमा क्रियापद चयनको अध्ययन,
- 'समर लभ' उपन्यासमा आगन्तुक शब्दको अध्ययन,
- 'समर लभ' उपन्यासका प्रयुक्त बिम्ब प्रतीकहरूको अध्ययन ।